

रेखा शाहलाई... पृष्ठ ६

ग्राहक प्रति

लोकप्रिय राष्ट्रिय दैनिक

# राजधानी

काठमाडौं, धरान र बुटवलबाट एकैसाथ प्रकाशित

लोकप्रिय राष्ट्रिय दैनिक
राजधानी
ग्राहक बन्नु परेमा
नवीकरण गर्नु परेमा
ठेगाना परिवर्तन भएमा
र पत्रिका नियमित नआए
सिधा सम्पर्क 5546300,
Ext: 112, 108

काठमाडौं । वर्ष १५, अंक २१२, काठमाडौं, मंगलबार २८ पुस २०७२, नेपाल संवत् ११३६ । www.rajdhani.com.np । Email rajdhaninews@gmail.com । RAJDHANI Nepali National Daily । Kathmandu, Tuesday 12 January 2016 । पृष्ठ : ८ मूल्य रु. ५/-

## नीति र कार्यक्रमबिनै पुनर्निर्माण महाअभियान

- प्रशासनिक बजेट साढे २९ करोड
- राष्ट्रपति र प्रधानमन्त्रीले शुभारम्भ गर्ने
- प्रभावित क्षेत्रमा सात उपक्षेत्रीय कार्यालय

**भीम गौतम/राजधानी**
काठमाडौं, २७ पुस

राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले नीति र कार्यक्रमविना नै भूकम्पपछिको पुनर्निर्माण महाअभियान सुरु गर्ने भएको छ ।

सोमबार बसेको पुनर्निर्माण प्राधिकरणको निर्देशक समितिको पहिलो बैठकबाट नीति तथा कार्यक्रम पारित नभएपछि त्योविनै महाअभियान सुरु गर्न लागिएको हो । पुनर्निर्माण महाअभियान नाम दिएको प्राधिकरणले भने २ माघको सुरुआतलाई सांकेतिक शुभारम्भ मात्र गर्न लागिएको जनाएको छ ।

राष्ट्रिय योजना आयोगले भूकम्पोत्तर पुनःस्थापना तथा पुनर्निर्माणसम्बन्धी नीति तयार पारिसकेको छ । पुनर्निर्माण प्राधिकरणले त्यसलाई सदर नगरेसम्म त्यो कार्यान्वयनमा आउँदैन । तर, सोमबारको पहिलो बैठकमा यसबारे कुनै निर्णय भएन ।

'२ माघअघि नीति तथा कार्यक्रम आउने सम्भावना छैन, त्यसलाई छिटो ल्याउन गृहकार्य अघि बढाएका छौं,' पुनर्निर्माण प्राधिकरणका सचिव मधुसूदन अधिकारीले भने । सरकारले ढिलो गरी मात्र प्राधिकरणलाई पूर्णता दिएकाले जनशक्ति व्यवस्थापन, विस्तृत सर्वे सम्पन्न, विभिन्न कार्यविधि निर्माणलगायतका काम बाँकी रहेकाले नीति तथा कार्यक्रम ल्याउन कठिन भएको प्राधिकरणको भनाइ छ ।

सोमबार बसेको पहिलो बैठकले २ माघदेखि पुनर्निर्माणको महाअभियान सुरुआत गर्ने घोषणा गर्दै सांगठनिक संरचना र प्रशासनिक बजेटको भने टुंगो लगाएको छ । बैठकले २ माघमा काठमाडौंको रानीपोखरी र ललितपुरको बुङमतीबाट पुनर्निर्माण अभियानको सुरुआत गर्ने निर्णय गरेको सचिव अधिकारीले जानकारी दिए । उनका अनुसार राष्ट्रपति विद्यादेवी भण्डारीले रानीपोखरीबाट र प्रधानमन्त्री केपी शर्मा ओलीले बुङमतीबाट पुनर्निर्माण महाअभियान सुरुआत गर्नेछन् । रानीपोखरीबाट पुरातात्विक सम्पदाका रूपमा रहेको क्षतिग्रस्त बालगोपालेश्वर मन्दिर तथा बुङमतीमा भूकम्पपीडितको व्यक्तिगत आवासबाट पुनर्निर्माण महाअभियान सुरुआत गर्न लागिएको छ ।

बैठकले पुनर्निर्माण प्राधिकरणको चालु वर्षको प्रशासनिक बजेट २९ करोड ६७ लाख ८८ हजार रुपैयाँ निर्धारण गरेको छ । प्रधानमन्त्री केपी शर्मा ओली अध्यक्ष रहेको निर्देशक समितिको बैठकले सो प्रशासनिक बजेट विनियोजन गर्ने निर्णय गरेको हो ।

(बाँकी पृष्ठ २ मा)



*गोरखाको लाप्राकस्थित गुप्सीपाखामा आफ्नो अस्थायी टहरामा परेको हिउँ पन्छाउँदै एक भूकम्पपीडित महिला । हिमपातले यस क्षेत्रका अधिकांश अस्थायी टहरा अझै पुरिएकै अवस्थामा छन् ।* **तस्बिर : रासस**

## सात पदाधिकारी भ्रष्टाचारी ठहर

### उपकुलपतिसहित नौ जनाले पाए सफाइ

#### विश्वविद्यालय भ्रष्टाचार प्रकरण

**राजधानी समाचारदाता**
काठमाडौं, २७ पुस

विशेष अदालतले मध्यपश्चिमाञ्चल विश्वविद्यालयका सात पदाधिकारीलाई भ्रष्टाचारी ठहर गर्दै कैद तथा जरिवाना हुने फैसला सुनाएको छ ।

अदालतले सोमबार विश्वविद्यालय भ्रष्टाचार प्रकरणमा अन्तिम फैसला गर्दै उपकुलपति प्रा.डा. पदमलाल देवकोटालगायतका उच्च पदाधिकारीलाई भने सफाइ दिएको छ ।

भ्रष्टाचारी ठहर हुनेमा विश्वविद्यालयका उपप्राध्यापकद्वय सुधन गौली र गणेशबहादुर राउत, अनुगमन अधिकृत पारसमणि गिरी, सहायक प्रशासकद्वय जीवनकुमार थापा र गगनसिंह बोहोरा र वरिष्ठ सहायक लेखा अधिकृत कमल केसी छन् । अदालतले गौलीलाई सात महिना कैद र ३ लाख १७ हजार रुपैयाँ जरिवाना, राउतलाई सात महिना कैद र २ लाख ९३ हजार र गिरीलाई ६ महिना कैद र १ लाख ७८ हजार रुपैयाँ जरिवाना हुने ठहर गरेको छ ।

यसैगरी, थापालाई ६ महिना कैद र १ लाख ६ सय ८७ रुपैयाँ जरिवाना, बोहोरालाई ६ महिना कैद र १ लाख ५८ हजार रुपैयाँ जरिवाना र लेखा अधिकृत केसीलाई सात महिना कैद तथा २ लाख ७३ हजार रुपैयाँ जरिवाना हुने फैसला सुनाएको छ ।

अदालतले उपकुलपति देवकोटासहित रजिस्ट्रार डा. ठकेन्द्रप्रकाश गिरी, सेवा आयोगका अध्यक्ष प्रा.डा. नवराज कँडेल, सेवा आयोगका सदस्य प्रा.डा. श्रीरामप्रसाद उपाध्याय, विज्ञान प्रविधि संकायका डिन तथा कार्यकारी परिषद्का सदस्य डा. केशरसिंह राना, मानविकी तथा सामाजिक संकायका डिन पीताम्बर ढकाल, व्यवस्थापन संकायका डिन डा. मस्तबहादुर गरन्जा, शिक्षा विज्ञान संकायका डिन लालमणि आचार्य र इन्जिनियरिङ संकायका डिन प्रा.इ. रामचन्द्र अर्याललाई भने सफाइ दिएको छ ।

(बाँकी पृष्ठ २ मा)

## सर्वोच्चले अख्तियारलाई भन्यो

# अनुचित हस्तक्षेप नगर

**डिल्ली आचार्य/राजधानी**
काठमाडौं, २७ पुस

सर्वोच्च अदालतले न्यूनतम अनुसन्धान र निष्कर्षविना व्यक्तिको व्यावसायिक विशेषाधिकार, मर्यादा र गोपनीयता उल्लंघन गर्ने गरी अनुचित हस्तक्षेप नगर्न अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई सचेत गराएको छ ।

सर्वोच्च अदालतते वरिष्ठ अधिवक्ता शम्भु थापाको ल फर्ममा छापा मारी अनुसन्धान थाल्ने अख्तियारको दुई वर्षअघिको निर्णय बदर गर्दै अनुचित हस्तक्षेप नगर्न सचेत गराएको हो । प्रधानन्यायाधीश कल्याण श्रेष्ठ र वरिष्ठतम न्यायाधीश सुशीला कार्कीको संयुक्त इजलासले सोमबार थापाले दायर गरेको कर विवादसम्बन्धी रिटमा अन्तिम सुनुवाइ गरेको हो ।

अदालतले थापाको ल फर्ममा निर्देशित रूपमा छापा मारेको ठहर गर्दै आगामी दिनमा कानुनले तोकेको सीमाभित्र रहेर युक्तिसंगतबाहेक अन्य कार्य नगर्न अख्तियारको नाममा बाध्यकारी आदेश (परमादेश) समेत जारी गरेको छ ।

'अब आइन्दा कानुनले प्रदान गरेको अधिकार क्षेत्रको सीमाभित्र रही विधिसम्मत अनुसन्धान तहकिकातबाट युक्तियुक्त देखिएको अवस्थामा बाहेक निर्देशित रूपमा खानतलासी लिनेजस्तो अरू कसैको अधिकार क्षेत्र तथा मौलिक एवं कानुनी हकमा हस्तक्षेप हुने कार्य नगर्नू/नगराउनू भनी विपक्षीहरूका नाउँमा परमादेश जारी हुने ठहर्छ,' अदालतको आदेशमा उल्लेख छ ।

आदेशमा थापाको फर्ममा हस्तक्षेप गर्दा मर्यादा र गोपनीयताको समेत उल्लंघन गरेको भन्दै सर्वोच्चले त्यसो नगर्न सचेत गराएको छ । 'न्यूनतम अनुसन्धान र निष्कर्षबेगर व्यक्तिको व्यावसायिक विशेषाधिकार, मर्यादा र गोपनीयतालाई उल्लंघन गर्ने गरी अनुचित हस्तक्षेप गर्ने कार्य नगर्न/नगराउन विपक्षीहरूलाई सचेतसमेत गराउने ठहर्छ,' अदालतको अन्तिम आदेशमा उल्लेख छ ।

अख्तियारको निर्देशनमा राजस्व




अनुसन्धान विभागको टोलीले पुतलीसडकस्थित थापाको लिगल एडभाइजर्स फोरममा २१ भदौ २०७० मा छापा मारी फर्मबाट मुद्दा तथा करसम्बन्धी कागजात नियन्त्रणमा लिएको थियो । अनुसन्धान विभागले अख्तियारकै निर्देशनमा छापामा मारेको भन्दै अदालतले स्पष्ट औचित्यविना नै छापामा मारेको ठहरसमेत गरेको छ ।

'आयोगको औपचारिक निर्णयविना पर्याप्त आधार र कारणसमेत नभई निर्देशित पत्रका आधारमा विना कुनै अनुसन्धान हतारहतार गरी रिट निवेदक कानुन व्यवसायीको फर्ममा खानतलासी गरी कम्प्युटरलगायतका कागज पत्र लगिएको देखिन आयो,' अदालतको आदेशमा उल्लेख छ ।

(बाँकी पृष्ठ २ मा)

## भूकम्पपीडितकै सक्रियतामा स्वास्थ्य शिविर



**दिनेश थापा/राजधानी**
लिस्ती (सिन्धुपाल्चोक), २७ पुस

लिस्ती-५ की ८४ वर्षीया पेम्बी तामाङ भूकम्पपछि जस्ताको टहरोमा बस्दै आएकी छन् । हिमाली गाउँ, त्यसमाथि पनि जस्ताको टहरोमा बस्नुपर्दा उनको स्वास्थ्यमा निकै समस्या भइरहेको छ । रातभर शीत चुहिने टहरोमा बस्दा तामाङलाई खोकी लाग्ने, टाउको दुख्नेलगायत समस्याले ग्रस्त बनाएको महिना दिन बढी भइसकेको छ ।

चिसोले बिरामी भए पनि आर्थिक अभावमा उनी उपचारका लागि स्वास्थ्य संस्थासम्म पुग्नसकेकी छैनन् । 'चिसोले बिरामी भएको दुई महिना भइसक्यो, अस्पताल जान पनि सक्दिनँ, लगिदिने पनि कोही छैन,' तामाङले भनिन् ।

लिस्तीकै ६० वर्षीया माइली विक भूकम्पमा पुरिएकी थिइन् । गाउँलेको सक्रियतामा उनको सकुशल उद्धार त गरियो तर त्यसपछि उनको थप उपचार हुन सकेन । गाउँकै सामान्य उपचारपछि जसोतसो गाउँमै बसिरहेकी विकलाई यतिबेला चिसोका कारण निकै समस्या भइरहेको छ । उनी पनि चिसोका कारण बिरामी छिन् ।

भूकम्पपछि जस्ताको टहरोमा बस्दै आइरहेका सिन्धुपाल्चोकका भूकम्पपीडित यतिबेला बिरामी हुने क्रम बढेको छ । चिसोले केही भूकम्पपीडितको मृत्युसमेत भइसकेको स्थानीय बताउँछन् । जिल्लाको विकट र हिमाली गाविस लिस्तीमा यतिबेला चिसोले भूकम्पपीडित बिरामी पर्ने क्रम सुरु भएपछि स्थानीयको सक्रियतामा गाउँमै निःशुल्क स्वास्थ्य शिविरको आयोजना गरिएको छ ।

गाउँलेहरू चिसोले बिरामी हुने क्रम बढेपछि सो गाविसका पूर्वअध्यक्ष साङ्बु शेर्पाको सक्रियतामा स्वास्थ्य शिविरको आयोजना गरिएको हो ।

(बाँकी पृष्ठ २ मा)







## सात पदाधिकारी...

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले उनीहरूमाथि २ करोड रुपैयाँभन्दा बढी भ्रष्टाचार गरेको भन्दै विशेष अदालतमा मुद्दा दायर गरेको थियो। तिन महिना लामो अनुसन्धानपछि अख्तियारले विश्वविद्यालयका १६ पदाधिकारीलाई निलम्बन गर्दै भ्रष्टाचार मुद्दा दायर गरेको थियो।

विश्वविद्यालयको भौतिक पूर्वाधार निर्माण, शिक्षक तथा कर्मचारी नियुक्ति, खरिद प्रक्रियालगायतमा १ करोड ८९ लाख ८६ हजार रुपैयाँ भ्रष्टाचार गरेको दाबीसहति उनीहरूविरुद्ध मुद्दा दायर गरिएको थियो। उपकुलपतिसहित १४ जनालाई पक्राउ गरी मुद्दा चलाए पनि विशेष अदालतले थुनछेकको बयान र बहसपछि उनीहरूलाई तारेखमा रिहा गर्दै मुद्दा सुनुवाइ प्रक्रिया अघि बढाएको थियो।

## भूकम्पपीडितकै...

शिविरमा पेम्बी र माइलीजस्ता सयौं भूकम्पपीडितले आएर स्वास्थ्य परीक्षण गरेका छन्। स्वास्थ्य शिविरमा औषधिसमेत निःशुल्क वितरण गरिएको थियो। उच्च हिमाली गाविस लिस्तीमा यतिबेला सेताम्य हिउँ र तुसारो पर्न सुरु भइसकेको छ। भूकम्पपछि यहाँका पीडित जस्ताको अस्थायी टहरोमा कष्टसँग बसिरहेका छन्। चिसोका कारण आँखा सुन्निने, खोकी लाग्ने, टाउको दुख्नेलगायत समस्या बढ्दै गएको पीडितको गुनासो छ।

लिस्तीको विकट छगामा गाउँबाट शिविरमा आएका ५० वर्षीय नाङनोर्बो शेर्पा चिसोका कारण खुट्टा दुख्ने, आँखा सुन्निनेलगायत समस्याबाट पीडित भएको लामो समय भइसकेको छ। गाउँमै निःशुल्क शिविर आएको थाहा पाएपछि उनी लट्ठी टेक्दै आएका थिए। 'खै चिसोले त लैजान्छ क्यारे यो साल,' उनले भने, 'भूकम्पमा जसोतसो बाँचियो तर चिसोले बाँच्न देलाजस्तो छैन।'

एकसरो मैलो कपडा अनि खाली खुट्टा शिविरमा आएका उनको अवस्था हेर्दा मायालाग्दो थियो। टहरोमा बस्न त साह्रै समस्या भयो सर,' उनी भन्दै थिए, 'यहाँ केही ओखती दिएको छ, यसले निको हुन्छ कि ?' मुख्य सडक मार्गबाट निकै टाढा रहेको लिस्तीका भूकम्पपीडित बिरामी हुँदा सुविधासम्पन्न अस्पताल त के सामान्य स्वास्थ्य संस्थासम्म पनि जान सकेका छैनन्। आर्थिक अभावमा यहाँका पीडित बिरामी हुँदै गएपछि फरक सोच नामक संस्थाको सहयोगमा गाउँमै स्वास्थ्य शिविरको आयोजना गरिएको संस्थाका अध्यक्ष एवं निवर्तमान गाविस अध्यक्ष साङ्बु शेर्पाले जानकारी दिए। स्थानीयको सक्रियतामा गाउँसम्म पुग्ने सडक निर्माण भए पनि भूकम्पले बिग्रिएपछि भर्खरै मात्रै सडक निर्माण सुरु गरिएको शेर्पाले बताए। 'यहाँका स्थानीय पहिलेदेखि नै गरिबीको चपेटामा छन्, त्यसमाथि भूकम्पले गर्दा झन् धेरै समस्या थपिएको छ,' शेर्पाले भने।

शिविरमा आएका कान्ति बाल अस्पतालका डा. विश्वबन्धु बगालेले चिसोका कारण बच्चामा निमोनियाको संक्रमण बढ्दै गएको भेटिएको बताए। 'बालबालिका, वृद्धा र महिलामा चिसोका कारण धेरै समस्या देखियो,' डा. बगालेले भने, 'धेरै जटिलै त छैन तर पनि 'कियर' नगर्ने हो भने समस्या हुन सक्छ।' स्वास्थ्य शिविरमा प्रसूति, आँखा, दात, कानलगायत बिरामीको स्वास्थ्य परीक्षण र औषधि वितरण गरिएको थियो। शिविरमा लिस्तीका २ हजार बढीले स्वास्थ्य परीक्षण गराएका छन्। गाउँमा आएर सेवा गरेको भन्दै शिविरमा आएका चिकित्सकको टोलीलाई गाउँलेले भव्य स्वागत गरेका थिए। सभासद् मोहनबहादुर बस्नेतले सहयोगी चिकित्सकहरूको टोली तथा अन्य संघसंस्थालाई सम्मान पत्र वितरण गरेका थिए।

## नीति र कार्यक्रमबिनै...

यसैगरी, बैठकले पुनर्निर्माण प्राधिकरणको केन्द्रीय र उपक्षेत्रीय कार्यालयसहितको सांगठनिक संरचना पनि टुंग्याएको छ। भूकम्पबाट ३१ जिल्ला प्रभावित भएकोमा विशेष प्रभावित १४ जिल्लाका लागि ६ उपक्षेत्रीय र बाँकी १७ जिल्लाका एक उपक्षेत्रीय कार्यालय राख्ने निर्णय पनि बैठकले गरेको सचिव अधिकारीले जानकारी दिए। उनका अनुसार पुनर्निर्माण प्राधिकरणमा २ सय ८ कर्मचारीको व्यवस्था गरिएको छ। प्राधिकरणले दोलखा, काभ्रे, नुवाकोट, गोरखा, काठमाडौं र ललितपुरमा उपक्षेत्रीय कार्यालय राख्न लागेको छ भने बाँकी सत्र जिल्लाको समन्वयका लागि उपयुक्त क्षेत्रमा राख्ने प्राधिकरणले जनाएको छ।

निर्देशक समितिको बैठकमा उपाध्यक्षका रूपमा प्रमुख प्रतिपक्ष दल नेपाली कांग्रेसका उपसभापति रामचन्द्र पौडेलसमेत सहभागी थिए। प्रधानमन्त्री अध्यक्ष रहने निर्देशन समितिको उपाध्यक्षमा प्रमुख प्रतिपक्षी दल वा निजले तोकेको व्यक्ति उपाध्यक्ष रहने व्यवस्थाप पुनर्निर्माण ऐनमा छ। संसद्मा रहेका सबै दल तथा पूर्वप्रधानमन्त्रीहरू र विज्ञहरूसहित रहेको पुनर्निर्माण परिषद्को बैठक २९ पुसमा बस्न लागेको प्राधिकरणले जनाएको छ। यसले पुनर्निर्माण अभियानको सुरुआतका लागि दलहरूबिच साझा अभियानका रूपमा अघि बढाउन सहयोग पुग्ने अपेक्षा गरिएको छ।

'बनाऔं राम्रो बलियो' भन्ने उद्घोषसहित आयोगले यसअघि नै 'केन्द्रीकृत नीति र विकेन्द्रित कार्यक्रम'को अवधारणासहितको नीति तयार पारिसकेको छ। यसकै आधारमा विभिन्न कार्यक्रमसमेत तय गरिएको छ। पुनर्निर्माण नीतिमा संरचनाहरूको पुनर्निर्माण गर्दा स्थानीय सामग्री र वास्तुकला तथा भूकम्प प्रतिरोधी निर्माण विधि अवलम्बन गर्ने उल्लेख छ। नीतिले स्वनिर्माण विधिलाई प्रोत्साहन गर्दै ग्रामीण र सहरी क्षेत्रका निजी घरहरू घरधनी स्वयंले नै निर्माण गर्ने र सरकारबाट आर्थिक तथा प्राविधिक सहयोग उपलब्ध गराउने उल्लेख छ।

महाअभियानअन्तर्गत भूकम्पबाट क्षतिग्रस्त प्रत्येक गाउँ विकास समिति र नगरपालिकाहरूमा पुनर्निमाण कार्य सुरुआत गरिसक्ने प्राधिकरणको लक्ष्य छ। 'पुनर्निर्माण कार्यलाई गति दिने तथा राष्ट्रिय र स्थानीय तहका साथै अन्तर्राष्ट्रिय समुदायमा समेत नयाँ ऊर्जा सञ्चार गर्न प्राधिकरणले २ माघदेखि १२ वैशाख २०७३ सम्मलाई राष्ट्रिय पुनर्निर्माण महाअभियानको शुभारम्भ कार्यहरू सञ्चालन गर्ने घोषणा गरिसकेको छ। १२ वैशाखसम्मलाई तिन चरणको अवधि तोकी प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत (सीईओ) सुशील ज्ञवालीले पुनर्निर्माण महाअभियानलाई अघि बढाउन लागेका छन्। पहिलो अवधि २ माघदेखि ११ फागुनसम्म, दोस्रो १२ फागुनदेखि ११ चैतसम्म तथा तेस्रो १२ चैतदेखि १२ वैशाख रहनेछ। यी अवधिभित्र भूकम्पपछिको पुनर्निर्माण अघि बढाउन आवश्यक नीति, नियम, कानुन, जनशक्ति व्यवस्थापन, संरचनाहरूको विस्तार, आर्थिक व्यवस्थापन, स्पष्ट मोडालिटी लगायतबारे स्पष्ट व्यवस्था गर्ने लक्ष्य राखिएको छ।

एक इन्जिनियर, एक समुदायक परिचालक र एक गाविस सचिवसहितको आवास तथा स्थानीय पूर्वाधार पुनर्निर्माण कार्यको अन्तिम कार्यान्वयन एकाइ गाविस तथा नगरपालिका तहमा रहने गरी प्राधिकरणले परिचालनसमेत गर्न लागेको छ।

## अनुचित...

अदालतले अनुसन्धान अघि राजस्व कति बाँकी छ भन्ने सामान्य अनुसन्धानसमेत नगरेको भन्दै छापा मार्ने कार्यले कानुन व्यवसायीको गोपनीयताको विशेषाधिकारसमेत हनन गरेको ठहर गरेको छ।

'रिट निवेदकको फर्मले केकति कर र राजस्व तिर्न वा बुझाउन बाँकी थियो ? केकति राजस्व चुहावट गरेको हो भन्नेबारे सामान्य अनुसन्धानसम्म पनि नगरी निर्देशित पत्रका आधारमा हठात् रूपमा निवेदकको फर्ममा खानतलासी लिने एवं स्पष्ट औचित्यविना कम्प्युटर र कागजपत्रसमेत नियन्त्रणमा लिई लगेको देखिएकाले विपक्षी राजस्व अनुसन्धान विभागको कार्यबाट कानुन व्यवसायी र तिनका सेवाग्राहीबिचको कानुनप्रदत्त गोपनीयताको विशेषाधिकारसमेतको हनन भएको देखिन आयो,' छापा मार्ने कार्य अवैधानिक भएको ठहरसहितको आदेशमा भनिएको छ।

अदालतले थापाको फर्मलाई कारबाही गर्नुपर्ने निर्णयसमेत नगरी हठात् रूपमा छापा मारेको देखिएको भन्दै छापा मार्ने र अनुसन्धान थाल्ने निर्णय बदर गर्नुपरेको जनाएको छ। 'रिट निवेदकको फर्मलाई कारबाही गर्नंपर्नेसम्मको विपक्षी आयोगको कुनै निर्णय नै नभएको अवस्थामा सो आयोगको निर्देशित पत्रका आधारमा कानुनबमोजिमको न्यूनतम अनुसन्धानविना नै हठात् रूपमा गरिएको सो काम कारबाही विधिसम्मत नदेखिएकाले उक्त पत्रलगायतका अन्य काम कारबाही उत्प्रेषणको आदेशले बदर हुने ठहर्छ,' सर्वोच्च अदालतको आदेशमा उल्लेख छ।

**सार्वजनिक सूचना**
**प्रकाशित मिति : २०७२ पुस २८ गते**
जिल्ला पर्वत बासखर्क गाविस-७ को कि.नं. १२२ मा रहेको ढुंगा खानीमा उत्खनन कार्य गर्न लागिएको हुँदा त्यस क्षेत्रमा पर्न सक्ने सामाजिक, भौगोलिक, वातावरण प्रदूषण प्रभावबारे निम्न ठाउँमा १५ दिनभित्र लिखित उजुरी वा सुझाव दिन हुन अनुरोध छ।

**राय सुझाव दिने स्थान**
१. गाविसको कार्यालय, बासखर्क पर्वत।
२. घरेलु तथा साना उद्योग कार्यालय, कुस्मा (पर्वत)।

**प्रस्तावक**
भरतबहादुर क्षेत्री
हिमालय मिनरल्स एण्ड एलाइड इन्ड्रष्टिज प्रा.लि.



२९४औं पृथ्वीजयन्ती तथा राष्ट्रिय एकता दिवसको अवसरमा सोमबार सिंहदरबारअगाडि रहेको पृथ्वीनारायणको सालिकमा पुष्पगुच्छा अर्पण गर्दै उपप्रधान तथा परराष्ट्रमन्त्री कमल थापा।
तस्बिर : राजधानी

# महिलामाथि समाज र आफन्तबाटै हिंसा : प्रधानमन्त्री

**गोमा परियार**
ललितपुर, २७ पुस



प्रधानमन्त्री केपी शर्मा ओलीले सदियौंदेखि महिलाले उत्पीडनमा जीवन बिताएको उल्लेख गर्दै आफ्नै परिवार, नातागोता र समाजबाट समेत हिंसा सहनुपरेको बताएका छन्।

हरेक क्षेत्रमा महिला सहभागिता बढाउन शिक्षामा जोड दिनुपर्ने आवश्यकतासमेत उनले औंल्याएका छन्। ललितपुरमा सोमबार आयोजित 'निजामती सेवामा महिला' विषयक अन्तर्क्रियामा 'शिक्षामा अगाडि भएका देशमा महिला सहभागिता सबै क्षेत्रमा बढी पाइएको' बताउँदै उनले 'महिलालाई शिक्षित बनाउनुपर्ने'मा जोड दिएका हुन्।

'परिवर्तनका सबै आन्दोलनमा महिलाको सक्रिय सहभागी भए पनि उनीहरूले त्यसअनुरूप अधिकार पाएका छैनन्,' प्रधानमन्त्री ओलीले भने, 'सबै क्षेत्रमा समानता, पछौटेपन र महिलामाथिको विभेद अन्त्य गर्ने सरकारको प्रमुख लक्ष्य हो।'

निर्णायक तहमा महिला सहभागिता न्यून भए पनि पहिलेको तुलनामा प्रगति देखिएकोमा खुसी व्यक्त गर्दै ओलीले आफ्नो सरकारले सबै क्षेत्रमा महिला सहभागिता बढाउन विशेष प्राथमिकता दिएको दाबी पनि गरे।

छोटो समयमै आफूले सरकारमा ३३ प्रतिशत महिला सहभागी गराउन सफल भएको दाबी गर्दै प्रधानमन्त्रीले निजामती सेवामा महिला सहभागिता न्यून देखेर दुःख लाग्ने गरेको जिकिर गरे।

'मानव जातिलाई महिलाले लगाउने ठुलो गुण प्रजनन भए पनि त्यही कुरालाई लिएर उनीहरूलाई पछि पारिने गरिएको हो,' उनले भने, 'अगाडि नबढाए पनि पछाडि नपारिदए उनीहरू आफैं पनि प्रगति गर्न सक्छन्।' उनले शिक्षा र स्वास्थ्य क्षेत्रमा अत्यधिक महिला सहभागिता रहनुपर्नेमा समेत जोड दिए।

सोही अवसरमा निजामती सेवामा १८ प्रतिशत र संसद्मा ३० प्रतिशत महिलाको सहभागिता रहेको जानकारी गराइएको छ। निजामती सेवाको पनि उच्च तहमा महिला सहभागिता अति न्यून रहेको तथ्यांक कार्यक्रममा प्रस्तुत गरिएको थियो।

(प्रशिक्षार्थी)

# अर्ध स्थायी संरचना निर्माण सुरु

**राजधानी समाचारदाता**
काठमाडौं, २७ पुस

भूकम्पपछि विद्यालयमा बनेका अस्थायी सिकाइ केन्द्र (टीएलसी) ले स्थायी संरचना निर्माण सकिँदासम्म नटिक्ने देखिएपछि जिल्ला शिक्षा कार्यालय ललितपुर अर्ध स्थायी संरचना निर्माण सुरु गरेको छ।

पाँच वर्षभित्र स्थायी संरचना निर्माण गर्ने सरकारको योजना भए पनि धेरै टीएलसी वर्षाका बेला भत्किसकेका छन्। स्थायी संरचना नबन्दासम्मका लागि बढी आवश्यक विद्यालय छानेर अर्ध स्थायी संरचना निर्माणमा बजेट छुट्ट्याइएको हो।

६५ ओटा विद्यालयमा अर्ध स्थायी संरचना निर्माण सुरु भएको ललितपुरका जिल्ला शिक्षा अधिकारी दिलनाथ पुरी बताउँछन्। 'बढी आवश्यक ठाउँमा निर्माण गर्न लागेका हौं,' उनले भने, 'भत्किएका वा च्यातिएका टीएलसी मर्मतका लागि रकम छुट्ट्याइएको हो।' ५४ विद्यालयमा १ लाखका दरले र २१ विद्यालयमा २ लाख ५० हजारका दरले रकम छुट्ट्याएको पनि उनले जनाए।

टीएलसीमा मर्मत नपुगेकाले चाँडै भत्किएको जिल्ला शिक्षा अधिकारी पुरीको प्रस्टोक्ति छ। 'स्थानीयमा अपनत्व भावना भए मात्र संरक्षण हुन सक्छ,' उनी भन्छन्, 'स्थानीय सामग्रीका कतिपय लामो टिक्न नसकेको देखिएको छ।'

# आठ किलो बढीको ट्युमर निकालियो

**राजधानी समाचारदाता**
ललितपुर, २७ पुस



जावलाखेलस्थित अल्का अस्पतालमा २४ वर्षीया महिलाको शल्यक्रिया गरी आठ किलोभन्दा बढीको ट्युमर निकालिएको छ।

तनहुँ मेर्लुङ-३ की बिनु खड्काको शल्यक्रिया गरी दायाँ डिम्बाशयको ८ दशमलव १ किलोग्रामको ट्युमर निकालिएको हो।

अल्का अस्पतालकी वरिष्ठ स्त्री तथा प्रसूति रोग विशेषज्ञ डा. नूतन शर्मा, वरिष्ठ सर्जन डा. सञ्जय पौडेल र डा. प्रीति बज्राचार्यलगायतको टोलीले खड्काको सफलतापूर्वक शल्यक्रिया गरी ८ दशमलव १ किलोग्रामको ट्युमर निकालेको हो।

शल्यक्रियापछि यति ठुलो ट्युमर निकालिएको अल्का अस्पतालकै इतिहासमा पहिलो भएको अध्यक्ष कुमार थापाले जानकारी दिए। शल्यक्रियापछि महिलाको अवस्था स्वस्थ र केही दिनमै डिस्चार्ज गरिने अस्पतालले जनाएको छ। डा. शर्माका अनुसार स्त्रीरोग समस्या लिएर भर्ना हुनेमध्ये करिब ३ प्रतिशतमा डिम्बाशयको ट्युमर हुन सक्छ। डिम्बाशयमा ट्युमर पलाउँदा ग्यास्ट्राइटिसमा हुनेजस्तै माथिल्लो पेट दुख्ने, वाकवाकी लाग्ने, बान्ता आउने, खान मन नलाग्ने, छिट्टै पेट भरिएको महसुस हुनेलगायतका लक्षण देखिने गर्दछन्।

चार वर्षदेखि ट्युमर बढेर पेट दुख्ने, वाकवाक लाग्ने र पेट भारी भएर गाह्रो महसुस भएपछि उनी अस्पताल भर्ना भएकी थिइन्। सुरुमा ओभरियन सिस्ट समस्या भए पनि वर्षौंदेखि औषधि सेवन गर्ने तर विशेषज्ञ चिकित्सकको सम्पर्कमा नआउनाले ट्युमर बढेर यस्तो अवस्था आउने गरेको डा. शर्माले बताए।

सामान्यतः यस्तो ट्युमर बढ्दै गए विभिन्न किसिमका शारीरिक समस्या आएर बिरामीको स्वास्थ्य निकै जोखिमपूर्ण अवस्थामा पुग्न सक्ने चिकित्सकको भनाइ छ। उनीहरूका अनुसार समयमै परीक्षण गरी शल्यक्रियामार्फत ट्युमर ननिकालिए डिम्बाशयको जरा बटारिने, रक्तश्राव हुने, संक्रमण र क्यान्सरमा परिणत हुनेजस्ता जटिलता आउन सक्छन्।

# 'सरकार-मोर्चा बाह्य शक्तिको इसारामा'

**राजधानी समाचारदाता**
काठमाडौं, २७ पुस



नेकपा क्रान्तिकारी माओवादी अध्यक्ष मोहन वैद्यले सरकार र मधेसी मोर्चा दुवै विदेशीको इसारामै चलेको आरोप लगाएका छन्।

वर्तमान सरकारले आफूलाई राष्ट्रवादी भएको प्रचारबाजी गरे पनि बाह्य शक्ति केन्द्रकै इसारामा चलेको उनको आरोप छ।

'बाहिर राष्ट्रवादका कुरा गरे पनि सरकार र मोर्चा दुवै भारतकै योजनामा चलेका छन्,' भक्तबहादुर श्रेष्ठ स्मृति प्रतिष्ठानद्वारा सोमबार राजधानीमा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै वैद्यले भने, 'सरकार र मोर्चा दुवै भारतकै इसारमा चलेका छन्।

सच्चा वामपन्थीबिचको एकता वर्तमान आवश्यकता भएको बताउँदै उनले वामपन्थी शक्तिबिच एकता नहुँदा प्रतिक्रियावादी शक्तिले खेल्ने मौका पाइरहेको टिप्पणी गरे। 'राजतन्त्र ढले पनि सामन्तवाद अन्त्य नभएकाले जनताले पुरानै समस्या भोगिरहेका छन्,' उनले भने, 'अहिलेको समस्यासँग जुध्न क्रान्तिकारी वामपन्थी शक्तिबिच अनिवार्य एकता आवश्यक छ।'

प्रतिष्ठान अध्यक्ष तथा क्रान्तिकारी माओवादी नेता सीपी गजुरेलले भक्तबहादुर श्रेष्ठले नेपाली वामपन्थी आन्दोलनमा पुऱ्याएको योगदानको चर्चा गर्दै उनको राम्रा पक्ष अनुशरण गर्नुपर्नेमा जोड दिए।

राष्ट्रिय जागरण अभियान नेपालका अध्यक्ष डा. उपेन्द्र देवकोटाले जम्बो मन्त्रिमण्डलप्रति विमति जनाउँदै ओली नेतृत्वको जम्बो मन्त्रिमण्डल किनबेचसँग अन्तरसम्बन्धित भएर आएको बताए।

नेकपा माओवादीका पोलिटब्युरो सदस्य अनिल शर्मा 'विरही'ले राजतन्त्र ढले पनि पुराना शासकको सोचमा परिवर्तन नआएकाले पुरानै समस्याले नेपाल जेलिएको टिप्पणी गरे।

# लापिलाङ सेवा समितिमा विवेक

**काठमाडौं/रास**– लापिलाङ सामाजिक सेवा समितिको दसौं वार्षिक साधरण सभाले विवेक खड्कालाई अध्यक्ष चयन गरेको छ।

समितिको सम्पन्न सभाले कार्यसमिति उपाध्यक्षमा टेकबहादुर बस्नेत, सचिवमा दीपक शिवाकोटी, सहसचिवमा नरेश खड्का र कोषाध्यक्षमा पुष्कर खड्का चयन गरेको छ। नयाँ कार्यसमिति सदस्यमा सरिता खड्का, लक्ष्मी थामी, विष्णु पोखरेल र उपनबहादुर खड्कालगायत छन्।

गैसस महासंघ कोषाध्यक्ष जितराम लामाको प्रमुख आतिथ्यमा सभा सम्पन्न भएको थियो।

**दुवईमा रोजगार**
१ कम्पनी : KAEFER LLC शहर : Abudhabi
पूर्व स्वीकृत मिति : २०७२/९/२७ चलानी नं. : ७१९१ LT. No. 149997

| सि.नं. | कामदारको पद | पुरुष | महिला | AED | ने.रु. | | | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | | खाने सुविधा | बस्ने सुविधा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Scaffolder Labourers | 50 | 0 | 1000 | 29,110 | | | ८ घण्टा | ६ दिन | | छ | छ |

TRIPURA EMPLOYMENT PVT. LTD.
फोन. नं. +977-01-4433333, 4434111, 4423838, Fax: +977-1-4430808,
P.O.BOX. 4108, Dillibazar-32, Kathmandu,
ईमेल : tripuraemployment@gmail.com Licenses No. 102/053/054

**कतारमा रोजगार**
१. कम्पनी : SWISSBORING QATAR W.L.L. शहर : Qatar
पूर्व स्वीकृत मिति : २०७२/९/२७ चलानी नं. : ७२८६ LT. No. 149655

| सि.नं. | कामदारको पद | संख्या | QR | ने.रु. |
|---|---|---|---|---|
| 1 | Machine Operator | 17 | 1900 | 54,074 |
| 2 | Civil Engineer | 05 | 4200 | 119532 |
| 3 | Driver | 15 | 1900 | 54,074 |
| 4 | Labourer/Helper | 23 | 900 | 25,614 |
| 5 | General Supervisor | 05 | 2500 | 71,150 |
| 6 | Digger | 17 | 1200 | 34,152 |

प्रतिदिन काम गर्ने घण्टा : ८ घण्टा; हप्तामा काम गर्ने दिन : ६ दिन; बस्ने सुविधा : छ

NIWIDA Concern Pvt. Ltd.
Govt. Lic. No.: 711/064/065, P.O.Box: 6624, Sinamangal, Kathmandu, Nepal,
Tel : 977-1-4111192, Jhapa Contact (Shivaji) 9852674231,
Fax : 977-1-4111193, Email: info@niwidaconcern.com,niwida@gmail.com,
Web: www.niwidaconcern.com

**साउदी अरेबीयामा रोजगार**
१. कम्पनी : AWAD AL-ANIZI GENERAL CONT.EST. शहर : Kuwait
पूर्व स्वीकृत मिति : २०७२/८/२७ चलानी नं. : ७२०२ LT. No. 148606

| सि.नं. | कामदारको पद | पुरुष | SR | ने.रु. | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | खाने सुविधा | बस्ने सुविधा |
|---|---|---|---|---|---|---|---|---|
| 1 | H/Driver | 01 | 2200 | 62,612 | ८ घण्टा | ६ दिन | छ | छ |

Muktinath Overseas Private Limited
Samakhusi, (Town Planning Area), Kathmandu, Nepal, P.O. Box: 13128, Tel : 977-01-4383470, 4383471, 4389266, Tel/Fax : 977 1 4383471,
E-mail : muktinathoverseas@yahoo.com, Web: www.muktinathoverseas.com
9841866560, 9841542925, 9813296545, 9851138963, 9813053121, 9841759132, 9808817119
Govt. Lic. No: 553/062/063

**साउदी अरेबीयामा रोजगार**
१. कम्पनी : SOROUH AL-MASHAREE READY MIX & CEMENT PRODUCTS FACTORY शहर : KSA
पूर्व स्वीकृत मिति : २०७२/९/२७ चलानी नं. : ७२१३ LT. No. 145284

| सि.नं. | कामदारको पद | पुरुष | SR | ने.रु. | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | खाने सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Truck Driver | 01 | 1800 | 51,228 | ८ घण्टा | ६ दिन | छ | छ | २ वर्ष |

Five Star International Overseas Pvt. Ltd.
GPO Box: 8975, EPC: 1801, Nakhu Dobato, Lalitpur, Nepal
Tel : +977 1 5542662, Fax : +977 1 5544843,
Email:kajimanojthapa5@hotmail.com, Web:www.fivestarintl.com.np,
(Dovan International P. Ltd.)
Govt. Lic. No.: 205/057/058

## छोटकरी

### यौन दुर्व्यवहार आरोपमा पक्राउ

**उदयपुर/रास–** यौन दुर्व्यवहार गरेको आरोपमा सोमबार जिल्ला शिक्षा कार्यालय उदयपुरका लेखापाल पक्राउ परेका छन् ।

एसएलसी परीक्षा दिने तयारीमा रहेकी किशोरीलाई उनकै घरमा कोही नभएको मौका छोपी गत शुक्रबार दिउँसो यौन दुर्व्यवहार गरेको आरोपमा प्रहरीले सोमबार शिक्षा कार्यालयबाट लेखापाल महेश पन्तलाई पक्राउ गरेको हो ।

पीडित बालिकाका अभिभावकको जाहेरीमा पन्तलाई पक्राउ गरिएको डीएसपी सुरेन्द्र गुरुङले बताए ।

चार दिनअघि भएको सो घटनाबारे किशोरीले आमालाई आइतबार जानकारी गराएपछि घटना सार्वजनिक भएको हो । आरोपित पन्तले भने आफूले बालिकामाथि यौन दुर्व्यवहार नगरेको बताएका छन् । 'मैले के छ नानु भनी पिठ्युँमा ढाप हानेको मात्र हुँ । उनीमाथि कुनै किसिमको गलत काम गरेको छैन,' लेखापाल पन्थले भने ।

### बालक अपहृत

**महोत्तरी/रास–** भटौलिया-२ का आठ वर्षीय एक बालक अपहृत भएका छन् । भटौलिया-२ बस्ने रवीन्द्र महासेठका आठ वर्षीय छोरा चिरञ्जीवी महासेठ अपहरणमा परेको जिल्ला प्रहरी कार्यालय महोत्तरीका एसपी जनक भट्टराईले बताएका छन् ।

बालक महासेठलाई आइतबार साँझ ७ बजे उनकै घरबाट अपहरण गरिएको एसपी भट्टराईले बताए । सो अपहरणमा संलग्न रहेको आंशकामा भटौलिया-३ का १८ वर्षीय अनिसकुमार साहसहित तिनजनालाई प्रहरीले हिरासतमा लिई आवश्यक अनुसन्धान गरिरहेको जनाएको छ ।

### कँडेल सम्मानित

**गुल्मी/रास–** इमानदार र जवाफदेही जनसेवकको राष्ट्रिय सम्मान गुल्मीका प्रमुख जिल्ला अधिकारी प्रदीपराज कँडेलले पाएका छन् । केही समयअघि गुल्मीको प्रमुख जिल्ला अधिकारी भएर आएका कँडेललाई एकाउन्टिबिलिटी ल्याबले इन्ट्रिग्रिटी आइडल नेपाल-२०१५ बाट सम्मान गरेको हो ।

# एकै वर्षमा आठ बाघ मरे

## चार चोरीसिकार र चार कालगतिले

**सुदीप अधिकारी/राजधानी**
बर्दिया, २७ पुस

बर्दिया राष्ट्रिय निकुञ्जमा सन् २०१५ मा आठओटा बाघ मरेका छन् । मर्नेमध्ये एउटा एक-आपसमा जुधेर र तिन ओटा कालगतिले मरेका छन् भने अरू चार ओटा चोरीसिकारका कारण मरेको पुष्टि भएको छ ।

निकुञ्ज स्रोतका अनुसार सन् २०१५ मा फरकफरक समयमा चोरीसिकारका कारण चार बाघ मरेको पाइएको छ । सन् २०१५ मा नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरोले (सीआईबी) मध्य र सुदूरपश्चिममा तस्करी हुँदै गरेको अवस्थामा चार ओटा बाघको छाला र हड्डी बरामद गरेको थियो । जसमध्ये डीएनए परीक्षणबाट चार ओटा बाघ बर्दिया राष्ट्रिय निकुञ्जका भएको सीआईबीले पुष्टि गरेको छ ।

केही दिनअघि बर्दिया निकुञ्ज आएका सीआईबीका डीएसपी प्रवीण पोखेलले भने, 'वर्ष दिनयता विभिन्न समय र स्थानमा बाघको छालासहित तस्करलाई पक्राउ गर्‍यौं । बरामद गरिएको छालाको डीएनए परीक्षण गर्दा चार ओटा बाघ बर्दियामा पहिचान गरिएका बाघसँग मिल्न गयो ।'

यसैगरी, सन् २०१५ मा फरकफरक समय र स्थानमा चार ओटा बाघ मृत अवस्थामा फेला परेका थिए । निकुञ्जको शिवपुर फाँटामा पनि भाले बाघ मृत अवस्थामा फेला परेको थियो । अर्को बाघ बग्नाहा-१ ढुंग्रहवाको सामुदायिक वनमा मृत अवस्थामा फेला परेको थियो । कसैले विषादी प्रयोग गरेर यो बाघ मारेको हुनसक्ने निकुञ्जको अनुमान छ । यसैगरी नेपाल-भारत सीमावर्ती वन क्षेत्रमा पर्ने खाता करिडोरमा पनि एउटा बाघ मृत अवस्थामा फेला परेको थियो । अर्को एउटा वयस्क बाघ निकुञ्जको मध्यवर्ती क्षेत्रमा पर्ने नेउलापुर सामुदायिक वनमा मृत अवस्थामा फेला परेको जनाइएको छ ।



*केही महिनाअघि बर्दियामा बरामद गरिएको बाघको छाला र हड्डी ।*

केही वर्षयता गैंडाको चोरीसिकार शून्य भएपछि निकै हौसिएका संरक्षणकर्मी बाघको चोरीसिकार नियन्त्रण नहुँदा चिन्तित बनेका छन् । पछिल्लो बाघ गणनाको तथ्यांकअनुसार बर्दिया निकुञ्जमा ५० ओटा बाघ थिए । यसरी बाघ मर्नुले निकुञ्जमा बाघको संख्या घटेको अनुमान निकुञ्जको छ । वर्ष दिनमा यतिका बाघ मर्नु र मारिनुले बाघ संरक्षणमा चुनौती थपिएको संरक्षणकर्मीको भनाइ छ । बाघको बासस्थानमै यसरी धमाधम मर्नुले बाघ संरक्षणमा चुनौती थपिएको संरक्षणकर्मी स्विकार्छन् । 'यो परिमाणमा बाघ मर्नु र मारिनुले पक्कै राम्रो सन्देश दिँदैन । यो घटनाले बाघ संरक्षणमा थप चुनौती थपिएको छ । अब थप सुरक्षा रणनीति बनाएर अघि बढ्नै पर्छ,' निकुञ्जका प्रमुख संरक्षण अधिकृत रमेशकुमार थापाले भने ।

सन् २०१० मा रसियाको पिटर्सवर्गमा भएको बाघ पाइने १३ देशका राष्ट्रप्रमुखहरूको सम्मेलनले सन् २०२२ सम्ममा प्राकृतिक बासस्थानमा बाघको संख्या दोब्बर बनाउनेमा नेपालले पनि प्रतिबद्धता जनाएको थियो । तर, यसरी बाघको चोरीसिकार नियन्त्रण गर्न नसक्ने हो भने विश्वसामु नेपालको शिर झुक्नेछ भन्दै संरक्षणकर्मीले चिन्ता जनाएका छन् । बर्दिया प्रकृति संरक्षण क्लबका अध्यक्ष तथा सिनियर नेचर गाइड राम शाहीले चिन्ता व्यक्त गर्दै भने, 'यति ठुलो संख्यामा बाघ मर्नु, मारिनु निकै दुखद हो । निकुञ्जले बाघसहित अन्य वन्यजन्तुको सुरक्षाका लागि तत्काल थप सुरक्षा रणनीति बनाएर लाग्न जरुरी छ । र, मध्यवर्ती क्षेत्रका बासिन्दा पनि बाघको संरक्षणमा जुट्न आवश्यक छ ।'

निकुञ्जको सुरक्षा व्यवस्थामै कमजोरी भएकाले बाघको चोरीसिकार भएको संरक्षणकर्मीको भनाइ छ । गत वर्ष बबई नदीमा आएको बाढीले निकुञ्जको बबई झ्यालीका केही सुरक्षा पोस्ट बगाएपछि केही महिना त्यहाँबाट सेनाको पोस्ट विस्थापित भएको थियो । सेना नभएको मौका छोपेर तस्करले बाघ मारेको हुनसक्ने निकुञ्जको पनि अनुमान छ । 'बाढीपछि केही समय बबई झ्यालीबाट सेना विस्थापित भयो । यही समयमै तस्करले मौका छोपेको हुन सक्छ,' निकुञ्जका प्रमुख संरक्षण अधिकृत रमेशकुमार थापाले भने । यो घटनासँगै निकुञ्जले चोरीसिकार नियन्त्रणमा सुरक्षाको थप रणनीति बनाएर अघि बढेको थापाले बताए ।

बाढीले विस्थापित सुरक्षा पोस्ट यतिखेर निर्माण भइसकेका छन् । त्यहाँ सेनाको नियमित गस्ती पनि थालिसकिएको छ । पछिल्लो समयमा बाघलगायत वन्यजन्तुको सुरक्षा चुनौती बढेसँगै निकुञ्जले सुरक्षाको थप रणनीति अघि बढाएको निकुञ्जको भनाइ छ ।

भर्खरै निकुञ्जले गैंडाको अनुगमन र सुरक्षाको जिम्मा सेनालाई हस्तान्तरण गरेको छ भने बाघको पछिल्लो अवस्था, बासस्थान र संख्या यकिन गर्न निकुञ्जले माघ पहिलो सातादेखि क्यामेरा ट्र्याापिङ विधिबाट बाघ गणना गर्ने तयारी गरेको छ । ९ सय ६८ वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको बर्दिया निकुञ्जमा पछिल्लो गणना अनुसार २४ ओटा गैंडा, ५० ओटा बाघ, ४ सय ३८ प्रजाति पन्छी, २५ भन्दा बढी घस्रने र १ सय २१ भन्दा बढी माछा प्रजाति छन् ।

### विपन्नलाई कम्बल वितरण

**राजविराज/रास–** जिल्लामा केही दिनयता बढेको चिसोले कठ्यांग्रिएर रात कटाउन बाध्य गरिब, असहाय, अपांग, दलित, ज्येष्ठ नागरिक र एकल महिलालाई न्यानो संसार अभियान नामक संस्थाले कम्बल वितरण गरेको छ । जिल्लाको कल्याणपुर, खोजपुर र वनरझुला गाविसमा कार्यक्रमको आयोजना गरी सोमबार ३ सय थान कम्बल वितरण गरिएको हो । सेयर नेपाल र हेल्प ह्यान्ड्सको सहयोगमा न्यानो संसार अभियानले विगत तिन वर्षदेखि न्यानो लुगा र कम्बल वितरण गर्दै आएको छ ।

# गर्भवती श्रीमतीको हत्या

**राजधानी संवाददाता**
भैरहवा, २७ पुस

गर्भवती अवस्थामा रहेकी श्रीमतीको हत्या गरी प्रमाण लुकाउन जलाउँदै गरेको अवस्थामा प्रहरीले रूपन्देहीको सिपहवा गाविसबाट श्रीमान्सहित पाँचजनालाई पक्राउ गरेको छ ।

सिपवा-६ की २२ वर्षीया सुनिता मल्लाहलाई हत्या गरेको अभियोगमा प्रहरीले उनका श्रीमान् २५ वर्षीय शैलेन्द्र मल्लाह, ससुरा ६० वर्षीय रतन मल्लाह, सोही ठाउँका २६ वर्षीय शिवदास कलवार, २७ वर्षीय शिवड मल्लाह र २५ वर्षीय सुरज मल्लाहलाई पक्राउ गरेको हो । रूपन्देही प्रहरी प्रवक्ता डीएसपी रामेश्वर कार्कीका अनुसार सुनितालाई हत्या गरी आइतबार साँझ स्थानीय बोग्दियाघाटमा जलाइरहेको अवस्थामा उनीहरूलाई पक्राउ गरिएको हो ।

शैलेन्द्रले मादक पदार्थ सेवन गरी आठ महिनाकी गर्भवती श्रीमतीको पेटमा लात्तीले हानी खाटबाट तल खसालेका थिए । उनको पेटमा चोट लागेको र सोही चोटको पीडाका कारण उनको आइतबार बिहान मृत्यु भएको प्रहरीले जनाएको छ ।

दिनभर उनलाई घरमै राखेर साँझ जलाउन घाटमा लगेको अवस्थामा पक्राउ गरिएको र घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जानकारी दिएको छ ।

# कसैले चाहँदैमा सरकार ढल्दैन : ज्ञवाली

**दाङ/रास–** नेकपा एमालेका उपाध्यक्ष युवराज ज्ञवालीले कसैले चाहँदैमा सरकार नढल्ने बताएका छन् । प्रेस चौतारी दाङले तुलसीपुरमा सोमबार आयोजना गरेको पत्रकार सम्मेलनमा उपाध्यक्ष ज्ञवालीले सरकार ढालेरै छोड्छौं भन्नु मधेसी मोर्चाको धर्म भएको टिप्पणी गरे । संसद् छोडेर सडक आन्दोलनमा गएको मेधेसी मोर्चा प्रधानमन्त्रीको निर्वाचनमा सुशील कोइरालालाई मत दिएकाले पनि मोर्चाले के बोल्यो भनेर चिन्ता गर्नुपर्ने अवस्था नरहेको उनले बताए । स्वयं नेपाली कांग्रेसका नेता पनि सरकारको विपक्षमा नभएकाले सरकार झनै बलियो रहेको उनले बताए ।

एक देशमाथिको निर्भरताका कारण नेपली जनताले दुःखकष्ट झेल्न बाध्य भएको भन्दै अब यसको अन्त्य गर्नुपर्ने उनले जोड दिए । मुलुकलाई आत्मनिर्भर कसरी बनाउन सकिन्छ भन्ने विषयमा केन्द्रित रहेर सरकारले नीति एवं कार्यक्रम लागू गर्नुपर्ने उपाध्यक्ष ज्ञवालीले सुझाव दिए ।

चीनतिरको नाका खोल्ने क्रम जारी रहेको दोहोर्‍याउँदै उनले भारततिर सहज भए पनि अन्य मुलुकसँग पनि व्यापार सम्झौताका लागि सरकारले समन्वय गरिरहेको बताए । भारतसँग भर पर्दा नेपाली जनताले पटकपटक दुःख पाएको स्मरण गर्दै अब पनि अन्य मुलुकसँग व्यापारिक सम्झौता नगरे इतिहासले क्षमा नदिने उनले बताए ।


**Court of Appeal Patan**
**Hariharbhawan, Lalitpur**

**Invitation for Bids**

Contract ID No :- 03/NCB/CAP/2072-73

**Design, Supply, Delivery, Installation, Testing and Commencing of 18 kW Solar PV System**

**First Date of Notice Publication :- 12 January 2016**

1. Court of Appeal Patan invites sealed bids from registered suppliers for **Design, Supply, Delivery, Installation, Testing and Commencing of 18 kW Solar PV System .**
2. As per the required specifications mentioned, the companies must be duly registered and shortlisted by Alternative Energy Promotion Center (**AEPC**), Ministry of Science, Technology and Environment, GoN for installation of Institutional Solar PV Systems (ISPS).
3. Interested eligible bidders may obtain further information and inspect the bidding documents at the office of Court of Appeal Patan, Lalitpur. Tel. no. 01-5527816, 01-5010260 and email infoacpatan@acourt.gov.np. Or may visit PPMO website :- www.bolpatra.gov.np.
4. Bidding documents may be purchased from the office of Court Of Appeal Patan during office hours on all working days by eligible bidders from **12 January 2016** onwards on the submission of a **Written Application, copies of Company Registration Certificate and VAT/PAN Registration Certificate, Tax Clearance of Fiscal Year 2071/72** and upon payment of a non-refundable fee of **Rs. 3000.00**. The Bidding Documents shall be available for sale up to office hours till **10 February 2016.**

   **Or**

   Bidder who chooses to submit their bid electronically may purchase the hard copy of the bidding documents as mentioned above or may download the bidding documents for e-submission from PPMO2 s Website www.bolpatra.gov.np. Bidders, submitting their bid electronically, should deposit the cost (as specified above) of bidding document in the account as specified below and the scanned copy(pdf format) of the bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Bidder who chooses to submit their bid electronically should submit hard copy of complete document of their e-bid to the Court Of Appeal Patan within 5 days from last date of submission of bid.

   Information to deposit the cost of bidding document in Bank :-
   Name of the Bank :- **Nepal Bank Ltd, Gabahal, Lalitpur**
   Name of Office :- **Court Of Appeal Patan, Lalitpur**
   Office Code no. 28-204-02
   Revenue Heading :- 14227 for deposit bid document fee.
   Office2 Account no :- 180-41-2440 for revenue
   Account no. :- 180-51-16856 (Dharauti Account) for deposit bid security .
5. Pre-bid meeting shall be held Court of Appeal Patan, Hariharbhawan, Lalitpur, Nepal at 1 P.M. on **01 February 2016.**
6. Sealed or electronic bids must be submitted to the office Court Of Appeal Patan or through PPMO website www.bolpatra.gov.np on or before 12:00 hours on **11 February 2016.** Documents received after this deadline shall not be accepted.
7. Bids must be valid for a period of **90 days,** counting from the day of bid opening and must be accompanied by bid security, amounting to **NRs. 1,75,000.00 (In Words: One Lakh Seventy five Thousand rupees only),** which shall be valid for minimum 30 days beyond the bid validity period .
8. If bidder wishes to submit the Bid Security in the form of cash, the cash should be deposited in Bank Account No. **180-51-16856 (Office Code No. 28-204-02)** at Nepal Bank Ltd, Gabahal, Lalitpur Branch and submit the original receipt of the deposited amount of cash along with the Bid.
9. Bids shall be opened in the presence of Bidders' representatives who choose to attend at **14:00 hours on 11 February 2016** at the office of **Court of Appeal Patan, Lalitpur, but** noting shall bar the opening of Tenders by the reason only that any bidder or its agent is not present.
10. If the last date of purchasing, submission and opening falls on a government holiday then the next working day shall be considered the last day. In such case the bid validity and bid security validity shall be recognized with effective from the original bid submission deadline.
11. The bidders are advised to visit and assess the actual site conditions before submitting their bid. **Court of Appeal, Patan** shall not be responsible for any costs or expenses incurred by bidders in connection with the preparation or submission of Bids.
12. **Court of Appeal, Patan** reserves the right to accept or reject, wholly or partly any or all the Bids without assigning any reason, whatsoever.
13. Any provisions which are not mentioned in this notice will be consistent with Public Procurement Act(PPA),2063/ Public Procurement Regulations(PPR), 2064 and other prevailing Nepalese Laws.



नेपाल सरकार
कृषि बिकास मन्त्रालय
कृषि बिभाग
**बाली संरक्षण निर्देशनालय**
हरिहरभवन, ललितपुर

**Hermetic Storage (Super Grain bag) को बोलपत्र स्वीकृत गर्ने आसयको सूचना**

सूचना प्रकाशित मिति २०७२/०९/२८ गते ।

यस निर्देशनालयको मिति २०७२/०६/२२ को गोरखापत्र दैनिकमा प्रकाशित बोलपत्र आव्हानको सूचना अनुसार दर्ता हुन आएका बोलपत्रहरू मध्ये तपसिलको बोलपत्रदाताको बोलपत्र न्यूनतम मूल्यांकित सारभुत रूपमा प्रभावग्राही देखिन आएकोले स्वीकृतीका लागि छनौट भएको हुदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ बमोजिम सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| सि. नं | बोलपत्र सूचना नं. | छनोट भएको बोलपत्रदाताको नाम ठेगाना | जम्मा कबोल अर्क मू.अ.कर.समेत |
|---|---|---|---|
| १ | PPD - 01 -072/73 | जेएचएस एनालिटिक ट्रेडर्स भाटभटेनी, काठमाडौं, नेपाल | रू. ३५,९५,४०६.८८ |



Government of Nepal
**Ministry of Forests and Soil Conservation**
**Department of Plant Resources**
Thapathali

**Invitation for Bids/Sealed Quotation**

**(Date of publication 2072/09/28)**

1. Department of Plant & Resources, Thapathali, Kathmandu invites sealed bids/Quotation from eligible bidders for following works:

| Contract Number | Description and location of work | Estimate Amount without Vat & con. | Fee for bidding document / Quotation Forms | Bid Security Amount |
|---|---|---|---|---|
| 06-072-73 | Construction of wall at central garden service Section, singhdurbar ktm. | 1649005.05 | 300.00 | 46600 |
| 07-072-73 | Construction & Maintenance of roof of Training and Bio-Diversity Section, Toilet of Sunakhari Hall and Other Civil Works at Department of Plant Recourses Thapathali | 2012245.97 | 1000.00 | 59600.00 |

2. Purchase, Submission and Opening deadline:

| Contract | Purchase of Bid | | Submission of Bid | | Opening of Bid | |
|---|---|---|---|---|---|---|
| | Date | Time | Date | Time | Date | Time |
| 06-072-73 | 2072-10-12 | 16:00 | 2072/10/13 | 12:00 | 2072/10/13 | 14:00 |
| 07-072-73 | 2072-10-27 | 17:00 | 2072/10/28 | 12:00 | 2072/10/28 | 14:00 |

| Bank | Name of Office | Office Code | Deposit Account No. |
|---|---|---|---|
| Nepal Rastra Bank, Thapathali | District Treasury Controller co-ordination office, Babarmahal | 27-329-03 | 1201200001002524 |

3. Eligible Bidders may obtain further information and inspect the Bidding documets/ quotation Forms at office of Department Plant Resource, Thapathali at office hour.
4. Bidding document / Quotation Forms may be purchased from the above office and the office of Natural Products Research Laboratory Thapathali Ktm (only bidding document) within Specified date and time mentioned above at office hours by interested eligible Bidders on the submission of a written application, along with the copy of company/from registration certificate, local body business registration certificate (Renewed F/Y 072/073, Tax registration Certificate (PAN/VAT), Tax clearance or Submissions of Tax Returns up to FY 071/072 and payment of non-refundable fee as per mentioned above.
5. Sealed bids/quotation must be submitted to the Department of Plant Resources on or before Specified date and time mentioned above.Bids/ Quotation received after this deadline will be rejected.
6. Bids/Quotations will be opened in the presence of Bidders' representatives who choose to attend at Specified date and time mentioned above at the office of Department of Plant Resources. Bids/Quotations must be valid for period of 90 days / 45 days respectively after bid opening and must be accompanied by a bid security amount shall be valid for (minimum120/75 Days) 30 days beyond the validity period of theBids/ Quotation.
7. The bid security may either be in the form of a bid security issued by authorized A Class commercial bank or cash deposited in above bank.
8. If the last date of purchasing, submission and opening falls on a government holiday, it shall be extended to the next working day. Document received after this deadline will be rejected.
9. Bidders are advised to visit site and assess the actual site conditions before submitting their bid.
10. Employer reserves the right to accept or reject, wholly or partly any or all the Bids/Quotations without assigning reason, whatsoever.


C M Y K

सम्पादकीय

## कुरा कम काम बढी गर

पुनर्निर्माण प्राधिकरणले आगामी २ माघदेखि १२ वैशाखसम्मको अवधिलाई पुनर्निर्माण महाअभियानका रूपमा अघि बढाउने भएको छ । त्रिपालमै वर्षा काटेर आधा जाडो टहरोमै बिताइसकेकालाई सरकारको यो अभियानले अवश्य पनि केही आशावादी बनाउनेछ । प्राधिकरण अहिले जुन उत्साहका साथ अगाडि बढेको छ, यो देख्दा पुनर्निर्माण अभियान सुरु हुनेमा शंका गर्न जरुरी छैन । तर, विगतको सरकारी कार्यशैली हेर्ने हो भने पुनर्निर्माण पनि भाषणमै सीमित हुने हो कि भनेर शंका गर्न बाध्य छन्, सर्वसाधारण ।

भूकम्पपीडितलाई वितरण गरिएको कार्डमै त्रुटि भएकाले सबैभन्दा पहिले प्राधिकरणले भूकम्पपीडित कार्डको पुनरावलोकन गर्न जरुरी छ । अहिले पनि धादिङ, नुवाकोट, रसुवा, सिन्धुपाल्चोक र दोलखालगायतका कतिपय जिल्लामा वास्तविक पीडितले कार्ड पाएका छैनन् भने भूकम्पबाट क्षति नभोगेका तर प्रभावित जिल्लामा घर भएकै आधारमा कतिले सरकारले दिएको पन्ध्र र दस हजार रुपैयाँ खाइसकेका छन् । केही भूकम्पपीडित यस्ता पनि छन् जसको घरमा न त सरकारी टोली पुगेको छ न ती व्यक्ति नै कार्ड बनाउने ठाउँसम्म पुग्ने हैसियत राख्छन् । प्राधिकरणका प्रमुख कार्यकारीलगायत अन्य सम्बद्ध अधिकारीले नेपालमै प्रशस्त प्राविधिक जनशक्ति भएको भन्दै सहजै घर बनाउन सकिने प्रतिक्रिया दिएका छन् । तिनले के बुझ्न जरुरी छ भने अहिले जो मान्छे गाउँमा बसोबास गर्छन्, प्रायजसोको घर ढुंगामाटोले बनेको छ भने अधिकांशले त्यही ढुंगामा आधुनिक प्रविधि प्रयोग गरेर भूकम्प प्रतिरोधात्मक घर बनाउन चाहेका छन् । त्यसका लागि सबैभन्दा पहिला बलिया र दक्ष कामदारको आवश्यकता पर्छ । तर, हाम्रो गाउँघरका तस्बिर हेर्ने हो भने बलियाहरू खाडी मुलुकमा श्रम गर्न विवश छन्, बुढापुस्ताले मात्रै घर कुरेर बसेका छन् । अहिले जो गाउँमै छन्, तिनै जनशक्तिका भरमा पुनर्निर्माण सम्भव हुँदैन । इन्जिनियर वा अन्य प्राविधिकले प्रविधि त सिकाउलान् तर ढुंगा बोक्ने, गिटी र बालुवा मुछ्ने काम तिनीहरूबाट सम्भव छैन ।

गाउँमा सामान्य चार कोठाको एकतले घर बनाउने हो भने घर पूरा गर्दासम्म कम्तीमा १ सय पचासभन्दा बढी कामदारको आवश्यकता पर्छ भने छिटो गर्दा एक महिनामा बढीमा दुईटाभन्दा बढी घर बनाउन सम्भव छैन । अहिलेसम्मकै सरकारी तथ्यलाई नै आधार मान्ने हो भने पनि भूकम्पमा ५ लाखभन्दा बढी घर भत्किएका छन् । ५ लाख घर बनाउन कति कामदार आवश्यक हुन्छ ? प्राधिकरणले एक पटक हिसाब गर्दा राम्रो पो हुन्थ्यो कि । यसको अर्थ प्राधिकरणले केही कामै गर्न सक्दैन भन्ने होइन । 'यो ठाउँमा यस्तो घर बनाउनुपर्छ,' भनेर सदरमुकाममा बसेर नक्सा बाँडेर मात्रै हुँदैन । कुनै गाउँमा कति कामदार छन् ? भनेर तथ्य पनि संकलन गर्नुपर्छ । वास्तवमै पुनर्निर्माणलाई 'महाअभियान' बनाउने हो भने मासिक १५ देखि २० हजार रुपैयाँ कमाउन खाडी जाने तयारीमा रहेका युवाहरूलाई केही महिना रोकेर गाउँमै कमाइ गर्ने मेलो देखाउन जरुरी छ । यसले पुनर्निर्माणका लागि आवश्यक जनशक्तिको खाँचो मात्र टार्दैन, पुनर्निर्माण कार्य द्रूत गतिमा सम्पन्न गर्न पनि सहयोग पुग्छ ।

# राजनीतिक नेतृत्वको सोच परिवर्तन आवश्यक



■ श्रीकान्त रेग्मी

लामो समयदेखि जारी मधेस आन्दोलन र सुनियोजित भारतीय नाकाबन्दीले जनजीवन कष्टकर अवस्थामा छ । स्वाभाविक रूपमा आन्दोलन र नाकाबन्दीको बढी मार निम्न र मध्यमवर्गीय परिवारउपर पर्न गएको छ । त्यसैले गर्दा जनसाधारण व्यग्रतापूर्वक नाकाबन्दी खुल्ने तिथिको पर्खाइमा छन् । बेलाबेलामा केही दिनमै नाका सहज हुने आश्वासन सुन्ने गरेका जनता लम्बिँदो नाकाबन्दीले निराश बन्न पुगेका छन् । अब त जनताले आश्वासनप्रति भरोसा गर्न पनि छाडेका छन् । कठिन जीवननिर्वाह गर्दै आएका जनसाधारणले एउटै प्रश्न गर्ने गरेका छन्, त्यो हो, नाकाबन्दी कहिले अन्त्य हुन्छ ? नाकाबन्दी हटाउन सरकारबाट त्यस्तो कुनै विश्वसनीय प्रयत्न भएको थाहा पाउन नसकेका आमजनता दिक्क मानिरहेका छन् । सामान्य जनता वास्तवमै अत्यन्त कष्टपूर्ण र अनिश्चित जीवन बाँच्न बाध्य छन् । जीवनका आधारभूत आवश्यकताको आपूर्ति नै बिल्कुल असहज छ । सरकार र आन्दोलनरत पक्षबिच वार्ता हुँदा आशापूर्ण दृष्टि लगाउने जनता वार्ताबाट कुनै निष्कर्ष आउँदा भने निराश हुने गरेका छन् ।

मुलुकले शृंखलाबद्ध रूपमा विनाशकारी भूकम्प, प्रतिकूल मौसम, मधेस आन्दोलन र नाकाबन्दी बेहोर्दै आइरहेको छ । अभाव र महँगीले नागरिक जीवन थला परेको छ । बन्द, हडताल, प्रतिकूल मौसम र चर्को खडेरीका कारण कृषि उत्पादनमा ह्रास आएकाले आगामी दिनमा खाद्यान्न थप महँगो हुने र सर्वसाधारण जनताको जीवनचर्या कष्टकर हुने निश्चित छ । आन्दोलन, चर्को लोडसेडिङ, कच्चा पदार्थको अभाव र नाकाबन्दीका कारण धेरैजसो औद्योगिक प्रतिष्ठानको दुर्दशा छ । मोर्चाका नेताहरूलाई दैनिक चन्दा नदिई सञ्चालनमा रहेका उद्योगधन्दाहरू चलाउन सकिने अवस्था पनि छैन । मुलुकमा शासनका बहुकेन्द्र स्थापना भएजस्तो छ, अवस्था । गठबन्धनका साझेदार दलका नेताहरूले समेत आआफ्नै सरकार चलाउने अभ्यास गरिरहेका छन् । प्रचलित ऐन, कानुन र नीति, नियमबमोजिम सरकार चल्न सकेको छैन । पार्टी नीतिअनुरूप मन्त्रालयहरू सञ्चालन गर्ने कसरत भइरहेको देखिन्छ । तराईका जिल्लामा अधिकांश सेवा प्रदायक र नियमनकारी निकाय लामो समयदेखि बन्द रहँदै आएका छन् भने पनि हुन्छ । विद्यालयहरूको अवस्था पनि यस्तै छ । धेरैजसो कर्मचारी आन्दोलनको बहानामा हाजिर गरेर बेपत्ता हुन्छन् । सर्वसाधारण जनताले राज्यप्रदत्त सेवा भनेका बेला पाउन त कता हो कता, नियमित दस्तुर बुझाउनसमेत पाइरहेका छैनन् । बन्द र नाकाबन्दीको आडमा दैनिक उपभोग्य वस्तुको मूल्य अत्यधिक वृद्धि भएकाले सीमित आयमा गुजारा गर्दै आएका परिवारको जीवन बिचल्लीमा परेको छ ।

मुलुक र जनता दुवै चर्को संकटमा छन् । किन्तु, संकट टार्न भने न गम्भीरता न जिम्मेवारीबोध नै देखिन्छ । असम्भवप्रायः आश्वासनहरूको बाढी आउन थालेको छ । वास्तवमा संकट टार्नभन्दा सत्ता टिकाउने उद्देश्यले अलोकप्रिय र औचित्यहीन कार्य भइरहेका छन् । आफ्नो नेतृत्वमा सरकार गठन गर्न संविधान निर्माणमा द्रूत मार्ग अवलम्बन गरेजस्तो नाकाबन्दीको मर्मान्तिक पीडाबाट जनतालाई मुक्त गराउन कुनै वैकल्पिक व्यवस्था आजपर्यन्त हुन सकेको छैन । त्यसैले, आमजनता यथार्थमा भगवान् भरोसामा छन् । जनताप्रति जिम्मेवारी निर्वाह गर्ने कुरामा सरकार र आन्दोलनरत पक्ष दुवै चुकेको देखिन्छ । फलतः सर्वसाधारण जनताको बिजोग र बेहाल छ । विनाशकारी भूकम्पको त्रासदीपूर्ण पीडाबाट आहत नेपालीका लागि भारतीय नाकाबन्दी आलो घाउमा नुनचुक छरेजस्तै भएको छ । एकातिर प्राकृतिक विपत्ति र अर्कातिर विषम राजनीतिक परिस्थिति दुवै कोणबाट हेर्दा नेतृत्व तहबाट प्रभावकारी कार्य हुन नसक्दा निरीह जनताले भयावह कठिनाइ बेहोर्नुपरिरहेको छ । शक्तिशाली भूकम्पका कारण घरबारविहीन बन्न पुगेका लाखौं नागरिकको जीवन अत्यधिक चिसोले गर्दा अवर्णनीय कष्टकर र क्षतविक्षत हुन पुगेको छ । दुःखको कुरा के हो भने सरकारसँग अद्यापि वास्तविक पीडितहरूको सही लगत छैन । आफ्ना दलगत पक्षधरहरूलाई बढी पीडित बनाउने यत्न भइरहेको छ । त्यसैले गर्दा पहुँच र प्रभाव भएका नक्कली पीडितहरू अग्रिम पंक्तिमा रहेर सहयोग र सुविधा प्राप्त गरिरहेका छन् ।

**मुलुक र जनता दुवै चर्को संकटमा छन् । किन्तु, संकट टार्न भने न गम्भीरता न जिम्मेवारीबोध नै देखिन्छ । असम्भवप्रायः आश्वासनहरूको बाढी आउन थालेको छ । वास्तवमा संकट टार्नभन्दा सत्ता टिकाउने उद्देश्यले अलोकप्रिय र औचित्यहीन कार्य भइरहेका छन् ।**

सर्वसाधारण जनताले खाद्यान्न, ग्यास, इन्धन, लत्ताकपडा र अत्यावश्यक औषधि जुटाउनकै लागि सम्पूर्ण प्रयत्न खर्चिनुपरेको छ । आफ्नो दैनिकीको व्यवस्थापनभन्दा पर सोच्न सक्ने अवस्था नै छैन, जनसाधारणका लागि । त्यसैले, जनतामा न कुनै उत्साह छ, न त आशा नै । दलका नेताहरू साँच्चिकै गम्भीर र जिम्मेवार हुँदा हुन् त मुलुकमा यसरी समस्याको चाङ लाग्ने नै थिएन । आफूउपर मर्कामाथि मर्का थपिँदै जाँदा पनि त्यसको समाधानतर्फ रत्तिभर चासो नदेखिँदा जनता असहिष्णु र अधैर्य बन्न थालेका छन् । जनतामा निहित यो भावना कुनै न कुनै स्वरूपमा प्रकट भएको पनि छ । जनता त 'जुन जोगी आए पनि कानै चिरेका' भन्ने ठहरमा पुगिसकेका छन् । अधीर जनतामा आक्रोश बढ्दै गएको छ । जनताको धैर्य टुट्यो भने मुलुक निःसन्देह अप्ठ्यारो अवस्थामा फस्न पुग्छ । अधीर र आक्रोशित जनता तथा बाँध फुटाउने नदी कहाँ गएर रोकिन्छ केही भन्न सकिँदैन । तसर्थ, सरकार र राजनीतिक दल दुवैले गम्भीरता र जिम्मेवारीबोधका साथ वर्तमान संकटको हल खोज्नेतिर लाग्नु जरुरी छ । शासकीय, राजनीतिक र कूटनीतिक कुनै फाँटमा पनि गौरव गर्न लायक एउटा पनि काम हुन सकेको छैन । स्मरणीय तथ्य के हो भने संकट स्वयमेव समाधान हुन सक्दैन ।

सरकार, प्रमुख प्रतिपक्ष र आन्दोलनरत मधेसी मोर्चाबीच विश्वासको संकटको अवस्था छ । त्यसैले, पनि समस्या समाधान हुनुको साटो झन् जटिल बन्दै गएको छ । आपसी संवादबाटै समस्याको समाधान खोजिनुपर्ने कुरा निर्विवाद छ । अतः एव विश्वासको संकटको अवस्था कम गर्न सरकार प्रमुखबाट आवश्यक पहल हुनु जरुरी छ । आपसी विश्वासको अवस्थामा असहमति टुंग्याउन सजिलो हुन्छ । नयाँ संविधान नेपाली राजनीतिको गन्तव्य हो । अब राष्ट्रिय राजनीति संविधानले निर्दिष्ट गरेको दिशातर्फ उन्मुख हुनु जरुरी छ । यही संविधानको दायराभित्र रहेर राष्ट्रिय राजनीतिको परिचालन र मुलुकमा विधिसम्मत शासन प्रणालीको क्रियाशीलता आवश्यक छ । विधिसम्मत शासन प्रणालीमा मात्र लोकतन्त्र क्रियाशील रहने तथा त्यसको सुदृढीकरण र संस्थागत विकास हुने सम्भावना रहन्छ । सुदृढ लोकतन्त्र नै मुलुकका सामु विद्यमान विकराल समस्या समाधानको कडी हो ।

मुलुकको भूपरिवेष्ठित स्थिति, पुँजी विकासको न्यून अवस्था, यातायात र ऊर्जाजस्ता पूर्वाधारको कमी, मानवीय पुँजी विकासको दयनीय यथार्थ नै हाम्रो मुलुकमा विकासले गति लिन नसक्नाका प्रमुख कारण हुन् । भनिरहन परोइन, राजनीतिक अस्थिरता सामाजिक-आर्थिक विकास प्रक्रियालाई गति दिन बाधक हुन्छ । मुलुक लामो समयदेखि राजनीतिक अस्थिरताको चक्रव्युहमा रुमल्लिइरहेको छ । सशस्त्र द्वन्द्व, संघीयता, समानुपातिक निर्वाचन प्रणाली, सत्ता र शक्तिमुखी राजनीतिक चरित्र, जातीय र सामुदायिक विभाजन भावी दिनमा पनि अस्थिरतालाई निरन्तरता दिने इन्धनका रूपमा रहिरहने स्पष्ट छ । मुलुक र जनताको हितलाई सर्वोपरि नराखेर दलगत स्वार्थलाई मात्र ध्यानमा राख्दा यस्तो अवस्था आउनु अनौठो होइन । नेपाललाई एउटै राष्ट्रका रूपमा विकास गर्ने हाम्रो प्रयत्नमा अहिले अप्ठ्यारो सिर्जना गर्न खोजिएको छ । तत्कालका लागि यो समस्या सल्टिए पनि बाह्य स्वार्थका वाहक शक्तिहरूले यो मुद्दालाई जीवन्त तुल्याइराख्न प्रयत्न गरी नै रहने निश्चित छ । द्वन्द्व र विभाजन तथा निकासबिच निकटको सम्बन्ध हुन नसक्ने तथ्य निर्विवाद छ । नेतृत्वमा अवधारणात्मक स्पष्टता, दूरदर्शी सोच र दृढ निश्चय भएन भने यो समस्या भीमकाय चुनौती बन्ने स्पष्टै छ ।

मुलुकमा स्वयमेव अवसरहरू प्रकट हुने होइनन्, सिर्जना गर्ने हो । ठगी र लुटतन्त्रले प्रश्रय पाइरहँदासम्म मुलुकमा गरी खान पाउने उपयुक्त वातावरण पनि बन्दैन । शान्ति, विकास र समृद्धि हाम्रा लागि भाषण, लेख र बहसका विषय मात्र हुँदै आएका छन्, व्यवहारमा चरितार्थ गरिरहनुपर्ने विषय हुनै सकेका छैनन् । द्वन्द्व र विभाजनले शान्ति र व्यवस्थामा पक्कै पनि खलल पुर्‍याउँछ । अहिले हामी द्वन्द्व र विभाजन बढाउने कसरतमा रहेको कुरामा कुनै सन्देह छैन । राजनीतिक क्षेत्र नै यसमा अगाडि छ । हामी स्वयंले हाम्रा युवाहरूलाई गुणस्तरीय शिक्षा उपार्जनको अवसरबाट वञ्चित गरिरहेका छौं । गुणस्तरीय शिक्षा नै व्यक्तिको सर्वाङ्गीण विकासको आधार हो भन्ने वास्तविकता हामीले नबुझेका होइनौं । तर, व्यवहारमा शिक्षण संस्थामा दलगत राजनीतिको कुचक्र हामी नै चलाइरहन्छौं । शैक्षिक क्षेत्रमा बन्द, हडताल, अनुशासनहीनता र उद्दण्डताले प्रमुखता पाइरहेको छ । बालबालिकाले नियमित रूपमा पढ्न पाएका छैनन् । युवाहरूको दक्षता वृद्धिमा त झन् हाम्रो ध्यान गएकै छैन । जति पनि प्रशिक्षण संस्थाहरू छन्, त्यहाँ पनि सिक्ने सिकाउने उत्प्रेरक वातावरण नै छैन । शिक्षण प्रशिक्षक संस्थाहरू प्रमाणपत्रमुखी मात्र भएका छन् । ज्ञान र सीपले युवाहरूलाई दक्ष बनाउने हाम्रो कुनै कार्यक्रम पनि छैन, अनि कसरी हुन्छ मुलुकको विकास ?

नेपाली जनताले आफ्ना नेताहरूबाट भाषण एकथरी, व्यवहार भने त्यसदेखि सर्वथा भिन्न पाउने गरेका छन् । मन, वचन र कर्मबीच एकत्व भएका नेताहरू कमै छन् । नेताहरूबाट जनताले सुशासन, निष्पक्षता, पारदर्शिता र न्यायजस्ता विषयमा आकर्षक कुरा सुन्ने गरेका छन् । तर, व्यवहारमा भने आफन्त पोषण गर्दै आएको देख्दै आएका छन् । भन्ने एउटा र गर्ने अर्को वास्तवमा हाम्रो संस्कार नै बनिसकेको छ । त्यसैले हुनुपर्छ दर्जनौं चरणका वार्तापछि पनि राजनीतिक दलहरूबिच सहमति बन्न सक्दैन । वार्ताका लागि वार्ता हुने गर्छ जसको कुनै अर्थ छैन । वार्ता एउटा निष्कर्षमा पुग्न र मुलुकलाई संकटबाट मुक्त गर्नका लागि हुनुपर्छ । जनसाधारणले भोग्नुपरेको दुःख, पीडा, व्यथा र वेदनाले कसैलाई पनि स्पर्श गर्न नसक्नु भनेको संवेदनाहीनताको पराकाष्ठा हो । मुलुकमा जनताका लागि राजनीति गर्ने कोही नरहेको यसबाट स्पष्ट हुन्छ । राजनीतिले जनमुखी चरित्र ग्रहण गर्न नसकेकै कारणले मुलुकको यस्तो अवस्था भएको हो । व्यक्तिगत र दलगत स्वार्थ हाबी भएपछि राजनीति जनमुखी हुन पनि सक्दैन । लाजै नमानी पेसा, व्यवसायमा राजनीति उल्लेख गर्ने राजनीतिकर्मीको बाहुल्य भएपछि जनसेवाको प्रश्न उपेक्षित हुनु अस्वाभाविक होइन पनि ।

कुर्सी नपाउन्जेल आकाश-पाताल एउटै बनाउनेजस्तो कुरा गर्ने, केके गर्लान्जस्तो उनै नेताहरू सत्ताको स्वाद चाख्नेबित्तिकै जनहितका कुरा बिर्सिन्छन् । सत्ता र स्वार्थबाहेक अरू केही देख्दैनन् । त्यस्ता नेताबाट देश र जताले के पो आस गर्ने हो र ? नेताको सत्तालिप्साको खेलमा मुलुकको अधिकांश समय त्यत्तिकै खेर गएको छ । सत्ता परिवर्तनैपिच्छे जनता अब केही हुन्छ कि भन्ने आशा गर्छन् । मुलुक भने एक डेग पनि अघि बढ्दैन । मुलुक जहिलेसुकै पनि चौराहमा खडा रहिरहन्छ । गन्तव्यको टुंगो लागे पनि गति लिन सकेको छैन, मुलुकले । सत्तामा पुगेर आफू र आफन्तका लागि केही बन्दोबस्त मिलाउनेबाहेक कुनै नेताले पनि मुलुक र जनताको हितमा सारभूत कार्य गरेको पाइँदैन । सत्तामा पुग्न र टिक्न सफल रहे पनि मुलुक र जनताको बृहत्तर हितमा उल्लेख्य काम गर्न सबैजसो दलका नेताहरू विफल भएका भएका छन् । राजनीतिक नेतृत्वको स्वल्प दृष्टिकै कारण सामान्य प्रतीत समस्या पनि अत्यन्त जटिल बन्ने गरेको दृष्टान्त छन् । मुलुकमा निःसन्देह ऐतिहासिक राजनीतिक परिवर्तन भएको छ । यो परिवर्तन जनजीवनलाई सकारात्मकतातिर उन्मुख गर्नका लागि सहयोगी हुनु जरुरी छ । परिवर्तन 'कागलाई बेल पाक्यो, हर्ष न विस्मात' भने झैं हुनुहुँदैन ।

मुलुकलाई परिवर्तनको दिशामा अघि बढाउने नेतृत्ववर्ग स्वयं समयअनुसार बदलिनु जरुरी छ । नयाँ सोच, चिन्तन पद्धति र प्रकृतिको नयाँ नेतृत्व वर्तमानको आवश्यकता हो । नेतृत्ववर्ग नबदलिने हो भने मुलुकको कायाकल्प हुनै सक्दैन । बरु मुलुक झन् अधोगतितिर अग्रसर हुन्छ । दुर्भाग्यको कुरा के हो भने अहिलेको नेतृत्व बदलिने कुनै छाँट देखिँदैन । नयाँ संविधान जारीपछि पनि राजनीतिमा झन् गलत सुरुआत भएको छ । राजनीति सत्ता र शक्तिको वरिपरि घुमिरहेको दृष्टिगोचर हुन्छ । अहिले पनि जनतालाई सपना देखाउने र आश्वासन बाँड्नेबाहेक अरू केही हुन सकेको छैन । नेताहरू संविधानले अधिकार दिएको प्रवचनमा व्यस्त छन् । किन्तु, मुलुकमा गरी खान पाउने वातावरणसम्म छैन । श्रम गरेर खान पाउने आमनागरिकको हक सुरक्षित हुन नसकेको अवस्था छ । नेतृत्वको सोच यथावत रहिरहने हो भने नयाँ संविधान बनेर पनि केही हुन नसक्ने निश्चित छ ।

# चिसोमा निमोनियाको जोखिम



■ डा. प्रकाश बुढाथोकी

जलवायु परिवर्तनको असर अनुमान गर्न नसक्ने गरी छिटोछिटो देखिन थालेको छ । कुन बेला जाडो र कुन बेला चर्को घाम लाग्छ पत्तै हुँदैन । छिनछिनमा बदलिइरहने मौसमलाई देखेर स्वयं मौसमविद् पनि छक्क परेका छन् । आज बेस्सरी चिसो हुन्छ र भोलि बेस्सरी गर्मी हुन्छ । पुसको अन्ततिर 'अब त यस वर्ष जाडै भएन, जाडो सिद्धियो' भन्दाभन्दै विगत दुई दिनदेखि पहाडमा हिमपात र तराईमा बाक्लो हुस्सु तथा शीतलहर चलेकाले चिसो बढेको छ ।

विनाशकारी भूकम्पबाट प्रभावित ४० जिल्ला तथा तीमध्ये अतिप्रभावित १४ जिल्लाका पीडित पाल, खुला चौर र चिसो भुइँमा बस्न तथा रात बिताउन बाध्य भएपछि उनीहरूमा स्वास्थ्य समस्या देखिएको छ । अव्यवस्थित खानपान, सुताइ, सरसफाइको कमी, खानेपानीलगायतका कारण उनीहरूमा रगतमासी, रुघाखोकी, निमोनिया, आँखा पाक्ने, ज्वरो, आउँ, झाडापखालालगायतका अनेकन समस्या देखिएका छन् । निरन्तर पराकम्पनका कारण भन्दा पनि बासस्थान बस्नलायकको नभएका कारण मानिसहरू घरमा फर्कन र बस्न सकेका छैनन् । अत्यधिक चिसोका कारण सिन्धुपाल्चोक, गोर्खालगायतका भूकम्पपीडित क्षेत्रमा दर्जन बढीको मृत्यु भइसकेको छ भने अधिकांश बिरामी छन् । टहरो र छाप्रामा बसेका भूकम्पपीडितलाई शीत पर्न थालेपछि श्वासप्रश्वाससम्बन्धी समस्या, दम, ज्वरो, घाँटी दुख्ने, खोकी र निमोनियाले ग्रस्त बनाएको छ ।

बिहानैको चिसोमा 'मर्निङ वाक' गर्न बाहिर निस्कँदा मुटुरोग, क्यान्सर, दम, बाथ, पिनास, रुघाखोकी, घाँटी तथा छातीको संक्रमण, एलर्जी, पक्षाघात, अनियन्त्रित रक्तचाप, कोल्ड स्ट्रोक र दीर्घरोगको जोखिम बढ्छ । घट्दो तापक्रम, चिसो हावाले रक्त धमनीको पर्खाल बाक्लो हुने वा रक्तनली खुम्चिने भई रक्तसञ्चारमा कमी भई रगत र अक्सिजन नपुगेका कारण तथा खुम्चेको नसामा रक्तप्रवाह गर्दा पर्ने अतिरिक्त परिश्रमका कारण मुटुमा असर परी हृदयाघातको सम्भावना बढाउँछ । त्यस्तै, रक्तप्रवाहको कमीले स्ट्रोक, मांसपेसी र जोर्नीको पीडा, श्वासनली खुम्ची दम, निमोनिया र ६० वर्ष बढी उमेरमा हाड खिइने, एलर्जी, टन्सिल, हातखुट्टा सुन्निने र निलो हुने समस्या देखिन्छ । जाडोमा रगतको प्लेटलेट बढी सक्रिय भई रगत जम्न सक्छ । सेतो, रातो रक्तकोष र प्लेटलेटको संख्यामा १० प्रतिशत जति वृद्धि हुन्छ र रगतको गाढापना २० प्रतिशत बढ्छ । यसले प्रत्येक व्यक्तिमा रगत जम्ने सम्भावना गर्मीको तुलनामा बढी हुन्छ । तथापि, युवाहरूमा मुटु र मस्तिष्कको रक्तनली सामान्य भएकाले रगत गाढा भए पनि जम्ने सम्भावना कम हुन्छ । वृद्धहरूको रक्तनली कोलेस्ट्रोल जमेर साँघुरो भई बाक्लो रगत प्रवाह हुँदा जम्ने सम्भावना बढ्छ । गर्मीको तुलनामा जाडोमा २० प्रतिशत पानी पनि पिइँदैन जसले रोगहरूको धेरै जोखिम बढाउँछ । चिसोले फोक्सोमा आक्रमण गर्ने र मुटुको मागअनुसार रक्तसञ्चार गर्न नसक्नाले मुटुका रोगीलाई कठिन हुन्छ । पहिला नै मुटुको समस्या भएकामा कमजोर मुटुले काम गर्न नसकी 'हर्ट फेलर' र स्वस्थ मुटु भएकामा हृदयाघात हुने गर्छ ।

**दुई महिनाभन्दा कम उमेरका बच्चामा ज्वरो १ सय डिग्री फरेनहाइट वा सोभन्दा बढी भएमा, काम्ने भएमा, धेरै सुतिरहने वा ब्युँझाउन गाह्रो हुने भएमा, दुध नखाई स्याँ स्याँ भएमा, सास छिटोछिटो फेर्ने तथा कोख हान्ने भएमा, पेट फुल्ने भएमा, ओठ, नाकको टुप्पा र औंलाहरू निलो भएमा तुरुन्त अस्पताल लगी उपचार गराउनुपर्छ ।**

श्वासप्रश्वाससम्बन्धी रोग निमोनिया नेपालका पाँच वर्षभन्दा कम उमेरका बच्चाको पनि मृत्युको प्रमुख कारण हो । घरायसी उपचार गर्ने र उपचार नपाएर यसबाट अकालमा मर्नेको संख्या अझै पनि धेरै छ । बढ्दो प्रदूषण, सहरी जीवनशैली तथा हेल्थक्र्याइँको कारण यसबाट हुने औसत मृत्युदर १० देखि २० प्रतिशत छ । प्रतिरोधात्मक क्षमता न्यून हुने भएकाले र जाडो समयमा बालबच्चा र वृद्धवृद्धा बढी प्रभावित हुन्छन् । अन्य जोखिम समूहमा दमका रोगी, मधुमेही, एचआईभी संक्रमित, धुम्रपान गर्ने, रुघाखोकीका बिरामी र मद्यपान गर्ने पर्छन् ।

उच्च ज्वरो, रुघाखोकी, छिटोछिटो सास फेर्ने एवं स्वाँ स्वाँ बढ्ने, कोखा हान्ने, निलो हुने, भोक नलाग्ने, टाउको र शरीर दुख्ने आदि लक्षणका साथ श्वासप्रश्वास नलीको तल्लो भाग फोक्सोमा हुने संक्रमणलाई निमोनिया भनिन्छ । वयस्कहरूलाई पनि विभिन्न कारणले निमोनिया रोग लाग्ने गरेको भए तापनि नेपालमा विशेष गरी पाँच वर्षमुनिका हजारौं बच्चा निमोनिया तथा श्वासप्रश्वाससम्बन्धी संक्रमणले बर्सेनि मर्छन् । निमोनियाको ५० देखि ६० प्रतिशत कारक ब्याक्टेरिया हो जसमा न्युमोकोकस, स्ट्रेप्टोकोकस, स्टफेलोकोकस, लेजिनोला र माइक्रोप्लाज्मा प्रमुख तथा हेमोफिलस, ल्केवसेला, स्युडोमोनास, एक्टिनोमाइकोसिस जुका, च्याउ, मट्टीतेल र विषाणुहरू सहायक पर्छन् ।

रोगीले बोल्दा, खोक्दा, हाछ्युँ गर्दा मुख र नाकबाट निस्कने थुक र खकारबाट विषाणु तथा जीवाणु बाहिर निस्की प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा निरोगी व्यक्तिमा फैलिन्छ । हावाका माध्यमद्वारा फोक्सोसम्म पुगी फोक्सोका कोष सुन्निन्छन् । रोगी सँगसँगै सुत्दा, रोगीलाई म्वाइँ खाँदा र जुठो खाँदा यो रोग सर्छ । त्यसैगरी, रोगीले प्रयोग गरेका भाँडाकुँडा, लत्ताकपडा, खेलौना, सिसाकलम आदि निर्मलीकरण नगरी प्रयोग गर्दा पनि अप्रत्यक्ष रूपमा रोग सर्न सक्छ । निमोनियालाई चार भागमा विभाजन गरिएको बाल चिकित्सकहरू बताउँछन् । साधारण श्वासप्रश्वाससम्बन्धी संक्रमण-हल्का ज्वरो आउने, खोकी लाग्ने, पातलो सिँगान आउने, हाछ्युँ आउने, झिँजो मान्ने, खान मन नपराउने, आँखा रातो र रसिलो हुने तर श्वासप्रश्वाास दर सामान्य हुने र अप्ठेरो नपर्ने यसमा हुन्छ ।

**मध्यम खालको वा निमोनिया** : यसमा उच्च ज्वरो आउने, खोकी लाग्ने, सास छिटोछिटो फेर्ने (जस्तै २ महिनाभन्दा कम उमेरको बच्चाले १ मिनेटमा ६० पटकभन्दा बढी, २ महिनादेखि १ वर्षसम्मको बच्चाले एक मिनेटमा ५० पटकभन्दा बढी र एक वर्षमाथिको बच्चाले एक मिनेटमा ४० पटकभन्दा बढी सास फेर्ने), स्वाँ स्वाँ हुने, आमाको दुध चुस्न मन नगर्ने आदि हुन्छ ।

**कडा खालको निमोनिया** : यसमा उल्लिखित लक्षण तथा चिह्नका साथै कोखा हान्ने, सास भित्र लिँदा छातीको तल्लो भाग भित्र धसिने, ओठ, औंला र नाकको टुप्पो निलो हुने, नाकको पोरा तलमाथि हुने र दुध नचुस्ने आदि हुन्छ ।

**धेरै कडा खालको निमोनिया** : उल्लिखित लक्षण र चिह्नका अतिरिक्त बच्चामा कम्पन हुने, जे खायो त्यही बान्ता गर्ने, बेहोस हुने, आँखा पल्टाउने, बच्चा विनाहलचल निस्लोट हुने आदि हुन्छ ।

**बच्ने उपाय** : निमोनियाबाट जोगाउन स्तनपान गराउने, सबै प्रकारका धुवाँ, चिसोबाट जोगाउने र सरसफाइमा विशेष ध्यान दिनुपर्छ । बच्चालाई न्यानो तर हावा आउने कोठामा राख्ने, बच्चालाई एक वर्षभित्रै सबै खोपको मात्रा पूरा गराउने, बच्चालाई जन्मेदेखि ६ महिनासम्म आमाको दुध मात्रै र त्यसपछि आमाको दुधका साथै थप पोसिलो र ताजा खानेकुरा खुवाउने, धुलो र फोहोर वातावरणमा खेल्न नदिने, अत्यधिक चिसो र शीतबाट जोगाउन बाक्लो र न्यानो लुगा लगाइदिने, चिसो पानीमा खेल्न नदिने, चिसो पानीले ननुहाइदिने गर्नुपर्छ । संक्रामक रोगहरू दादुरा, रुघाखोकी, लहरे खोकी र झाडापखाला लागेमा तुरुन्तै उपचार गराउने, लागू पदार्थ, रक्सी र चिसो पेय पदार्थ सेवन नगर्ने, भीडभाडमा नबस्ने र नसुत्ने, सन्तुलित खाना खाने, प्रशस्त तातोपानी, दाल र गेडागुडीको रस, मनतातो दुध, हरियो सागसब्जी, कागती, माछा, मासु र अन्डा सेवन गर्ने, चुरोट, सुर्तीजन्य पदार्थको सेवन नगर्ने नगराउने ।

दुई महिनाभन्दा कम उमेरका बच्चामा ज्वरो १ सय डिग्री फरेनहाइट वा सोभन्दा बढी भएमा, काम्ने भएमा, धेरै सुतिरहने वा ब्युँझाउन गाह्रो हुने भएमा, दूध नखाएमा, घ्यारघ्यार तथा स्याँ स्याँ भएमा, सास छिटोछिटो फेर्ने तथा कोखा हान्ने भएमा, पेट फुल्ने भएमा, ओठ, नाकको टुप्पो र औंलाहरू निलो भएमा तुरुन्त अस्पताल लगी उपचार गराउनुपर्छ । अन्त्यमा, नयाँ संक्रमण हुने र पुरानो रोगमा जटिलता थपिने जोखिम चिसो मौसममा बढी हुने भएकाले नियमित स्वास्थ्य परीक्षण, खानपान, औषधिका विषयमा चिकित्सकसँग परामर्श लिइरहनुपर्छ । चिसोको बहानामा शारीरिक गतिविधि न्यून, व्यायाम नगर्ने, नुनिलो, चिल्लो खानपिन बढी, तौल बढ्ने र बिहानै बाहिर निस्कनेलगायतका कामले रोगको जोखिम बढ्छ ।

दक्षिण एसिया

## चुनावी राज्यमा खतरनाक राजनीति

पश्चिम बंगालको मालदामा जे भयो त्यसलाई एउटा समुदायको स्वतःस्फूर्त प्रतिक्रिया मान्न सकिँदैन । यो सम्भव छैन कि एक यस्ता नेताको बयानबाट हजारौं मानिस भड्किनेछन् जुन चिरपरिचित नाम होइन । जब कि त्यो कथित बयान कुनै टाढाको प्रदेशमा दिइएको छ तर यस्तै भयो । अखिल भारतीय हिन्दु महासभाका नेता कमलेश तिवारीले उत्तर प्रदेशमा पैगम्बर मोहम्मदप्रति केही कथित अपमानजनक टिप्पणी गरे । यो समाचार मालदा जिल्लामा फैलिएको छ । गत बिहीबार त्यहाँ कालियाचकमा एक मुस्लिम संगठनको अपिलमाथि विरोध जनाउनका लागि डेढ लाखभन्दा बढी मानिस जम्मा भए । जुलुस निस्कियो । बिचमा भिड हिंस्रक भयो र २५ सवारीसाधन जलाइए । कालियाचक प्रहरी स्टेसनमा पनि आक्रमण भयो । यद्यपि, कमलेश तिवारीको बयानका विरुद्ध उत्तर प्रदेश तथा मध्यप्रदेशमा पनि केही स्थानमा प्रदर्शन भएका छन् तर पश्चिम बंगालमा यसको रूप सबैभन्दा भिन्न रह्यो ।

प्रश्न यो रहेको छ कि यसको सम्बन्ध तिन महिनापछि हुनेवाला राज्य विधानसभाको चुनावमा छ त ? के साम्प्रदायिक संगठन यसैकारण एकत्रित हुँदै छन् ? के राजनीतिक दल यसका लागि दुःखी छन् किनकि आफ्नो भोट बैंकलाई उनीहरू दुःखी बनाउन चाहँदैनन् । प्रश्न यो छ कि के यसको सम्बन्ध तिन महिनापछि हुने राज्य विधानसभा चुनावसँग छ ? के साम्प्रदायिक संगठन उसका विरुद्ध एकत्रित भइरहेका छन् ? के राजनीतिक दल यसका लागि दुःखी छन् किनकि उनीहरू आफ्नो भोट बैंकलाई नजरअन्दाज गर्न सक्दैनन् ? तर आरोप यो पनि छ कि केही पार्टी चुनावी कारणबाट मुस्लिम र हिन्दु समुदायलाई भड्काउनका लागि सहयोग गरिरहेका छन् । राज्यमा सत्ताधारी तृणमूल कांग्रेस पनि यसमा सहभागी छ तर प्रशासनले अपेक्षित चुस्तताका साथ कारबाही गरेको छैन । तृणमूल कांग्रेस र भारतीय जनता पार्टीबिच यस घटनालाई लिएर छेडिएको विवादका पछाडि राजनीतिक उद्देश्य खोज्न सकिन्छ । तर, यो खतरनाक राजनीति हो । बंगलादेशसँग लागेका राज्यमा उग्र भावनाको राजनीतिबाट राष्ट्रिय सुरक्षाका लागि गम्भीर चुनौती खडा हुन सक्छ । उल्लेखनीय छ कि बंगलादेशमा चरमपन्थी मजहबी संगठनको खास प्रभाव छ । यस्तै, पश्चिम बंगालमा कट्टरपन्थीको जरा गड्ने संकेत हो, यो ।

मदरसाहरूमा कट्टरपन्थी शक्तिको प्रवेश हुने चर्चा त्यहाँ पनि छ । मालदाको घटनाका साथै यो समाचार पनि आएको छ कि कोलकातामा तलपुकुर आरा हाई मदरसाका प्रधानाध्यापक काजी मासुम अख्तरमाथि त्यहाँ यसका लागि आक्रमण भयो किनकि उनी छात्रालाई राष्ट्रगान सिकाइरहेका थिए । केन्द्रले यो अवश्य सुनिश्चित गर्नुपर्छ कि भावना भड्काउनमा जुटेका मानिस (चाहे ऊ जुनसुकै पार्टी या सम्प्रदायको होस्) माथि समुचित कारबाही हुनेछ । कमलेश तिवारीले केही कानुन तोडेका छन्, त्यसैले, उनलाई त्यसको सजाय दिइनुपर्छ । तर, उनका कथित भड्काउ बयानलाई लिएर शान्ति व्यवस्थालाई भंग गर्ने इजाजत कसैलाई दिन सकिँदैन ।

(भारतबाट प्रकाशन हुने 'नई दुनिया'को सम्पादकीय)

**लेख तथा प्रतिक्रियाका लागि**
इमेल : merobichar@gmail.com
फ्याक्स : ०९७७-१-५०११५९४ पो.ब.नं.: २०५०३ काठमाडौं

# नेपाल पराजित

**राजधानी समाचारदाता**
काठमाडौं, २७ पुस



बंगलादेशमा हुने यू-१९ विश्वकपको तयारीका क्रममा खेलिएको अभ्यास खेलमा नेपाल सोमबार अफगानिस्तको यू-१९ टोलीसँग पराजित भएको छ। अफगानिस्तानले नेपाललाई ८३ रनले पराजित गरेको हो।

भारतको नयाँ दिल्लीमा भएको अभ्यास खेलमा अफगानिस्तानले टस जितेर ब्याटिङ गर्दै ४५ ओभरमा ८ विकेट गुमाउँदै २ सय ३२ रन जोड्यो। २ सय ३३ रनको विजयी लक्ष्य पछ्याउँदै ब्याटिङमा उत्रिएको नेपालका युवा खेलाडी ४३ ओभर १ बलमा अलआउट हुँदै १ सय ४९ रनमा समेटिएका थिए। नेपालका लागि दीपेन्द्र सिंह ऐरीले सर्वाधिक ४२ रन जोडे। उनले ४० बलमा ५ चौका र १ छक्का प्रहार गरेका थिए। शंकर राणाले ७७ बलमा ४ चौकाको मद्दतमा ३९ रन जोडेका थिए। त्यसैगरी, कुशल भुर्तेलले २८ बलमा ५ चौकाको मद्दतमा २३ रन जोडे। त्यसैगरी, सुनिल धमलाले ३१ बलमा २ चौका प्रहार गर्दै ११ रन जोडे। त्यसैगरी योगेन्द्र सिंह कार्कीले ६, आरिफले ४, राजवीर सिंहले ७, सुनिल खड्काले ३ रन जोडे। ओपन इसान पाण्डेले १ रन जोडे।

नेपालले खराब सुरुआत गरेको थियो। ओपन इसान पाण्डे १ रनमा आउट भएका थिए। ६० रन हुँदा नेपालले ६ विकेट गुमाइसकेका थियो। शंकर राना र दीपेन्द्र सिंह ऐरीले सातौं विकेटका लागि ६६ रनको साझेदारी खेल्दै स्कोर बढाए।

अफगानिस्तानका जिया उर रहमान अकबरले नेपाललाई सस्तैमा समेट्ने क्रममा महत्त्वपूर्ण ५ विकेट लिएका थिए। नाजाद मासुदले १, करिम र जाहिर ले २/२ विकेट लिएका थिए। यसअघि अफगानिस्तानका लागि तारिक सतानिक्जाईले ६४ रन जोडे। उनले ६९ बलमा ३ चौका र ४ छक्का प्रहार गरेका थिए। इक्रम खाइलले ४१, नाभेदले ४४, जनतले ३७ रनको योगदान दिएका थिए।

नेपालका आरिफ सेख र सन्दीप लामिछानेले ३/३ विकेट लिए भने सुशील खड्का र प्रेम तामाङले १/१ विकेट लिएका थिए।

# सहजाद चम्किँदा अफगानिस्तान विजयी

**सारजाहा/एजेन्सी**– अफगानिस्तानका मोहम्मद सहजादले १ सय १८ रनको अविजित पारी खेल्दै टी-२० अन्तर्राष्ट्रिय क्रिकेटमा व्यक्तिगत चौथो ठुलो स्कोर बनाए, जसमा उनको टिमले जिम्बाबेलाई ८१ रनले पराजित गर्दै दुई खेलको सिरिज २-० ले आफ्नो पक्षमा पारको छ।




ओपनर ब्याट्सम्यान सहजादले ६७ बलमा १० चौका र ८ छक्काको प्रहार गर्दै उत्कृष्ट पारी खेले उनले अफगानिस्तानका लागि ट्वान्टी-२० सिरिजमा शतक प्रहार गर्ने पहिलो खेलाडी बने भने अन्तर्राष्ट्रिय ट्वान्टी-२० मा व्यक्तिगततर्फ चौथो सर्वाधिक स्कोर बनाउन पनि सफल भए।

सहजादको सानदार पारीको मद्दतमा अफगानिस्तानले ६ विकेटको क्षतिमा निर्धारित २० ओभरमा २ सय १५ रन बनायो। टी-२० अन्तर्राष्ट्रिय खेलमा सहजादभन्दा बढी रन बनाउनेमा एरोन फिन्च १ सय ५६, न्युजिल्यान्डका ब्रेन्डम म्याकुलम १ सय २३ र साउथ अफ्रिकाका फाफ डुप्लेसिसले १ सय १९ रन बनाएका छन्।

२ सय १५ रनको लक्ष्य पछ्याएको जिम्बाबेले खराब सुरुआत गर्‍यो। उसले ३४ रन जोड्दा महत्त्वपूर्ण ५ विकेट गुमाएको थियो। यद्यपि, उसका हेमिल्टन मसाकादजले ६३ रनको योगदान दिए पनि जिम्बाबे टिम १८ ओभर १ बलमा १ सय ३४ रनमा नै समेटियो।

# सञ्जयलाई एक लाख सहयोग

**काठमाडौं/रास**– उल्टो हिँडेर अफ्रिकाको सर्वोच्च शिखर किलिमन्जारो २५ घन्टा ४० मिनेटमा गत डिसेम्बरमा आरोहण गरेका कृतिमानी पर्वतारोही एवं धावक सञ्जय पण्डितलाई सोमबार पूर्वलेफ्टिनेन्ट कर्णेल प्रबल शमशेर राणाले १ लाख पुरस्कार प्रदान गरेका छन्।



नेपाल आर्मीको कालीप्रसाद गण अंकित झन्डा सञ्जयले अफ्रिकाको शिखरमा फर्फराएका थिए। 'देशको नाम पर्वतारोहण क्षेत्रबाट संसारभर फैलाउन विशेष भूमिका खेलेको हुनाले पण्डितको थप हौसला बडाउन सहयोग गरेको हुँ,' राणाले भने। पण्डितले नेपाली पोसाक दौरासुरुवाल र भादगाउँले टोपी लगाएर आधारशिविर मरान्गुदेखि अफ्रिकाको सर्वोच्च शिखरसम्म उल्टो हिँडेर आरोहण गरेका थिए।

सो आरोहणपछि राष्ट्रपति विद्यादेवी भण्डारी तथा प्रधामन्त्री केपी शर्मा ओलीले समेत धन्यवाद दिएका छन्। पण्डित नेपालकै पहिलो उल्टो हिँडेर हिमाल आरोहण गर्ने विश्व पर्वतारोही हुन्।

# भारत–अस्ट्रेलिया सिरिज आजबाट

**पर्थ/एजेन्सी**– भारत र अस्ट्रेलियाबिचको बहुप्रतीक्षित एक दिवसीय सिरिज मंगलबारबाट सुरु हुँदै छ।




एक दिवसीय विश्व कपमा अस्ट्रेलियासँग पराजित भएयता भारत र अस्ट्रेलियाबिच हुन लागेको यो पहिलो खेल हो।

अस्ट्रेलिया भ्रमणमा रहेको भारतीय टिमले पाँच खेलको एक दिवसीय सिरिज खेल्नेछ। पछिल्लो समय अस्ट्रेलियाको कप्तानी भूमिका सम्हालिरहेका स्टिब स्मिथले विश्वकपपछि एक मात्र एक दिवयीस सिरिज जितेका छन्। जसले गर्दा पनि भारतविरुद्धको सिरिज अस्ट्रेलियाका लागि निकै महत्त्वपूर्ण रहेको छ। स्मिथको कप्तानीमा इंग्ल्यान्डविरुद्धको सिरिजमा अस्ट्रेलिया विजयी भएको थियो।

भारतका लागि पनि अस्ट्रेलिया भ्रमण निकै महत्त्वपूर्ण रहेको छ।

एक दिवसीय खेलमा लगातारको पराजयबाट आजित भारतले अस्ट्रेलियाविरुद्धको सिरिज जित्नैपर्ने दबाब हुनेछ।

अन्तर्राष्ट्रिय मैदानमा जित्न नसकेको भनेर आलोचना खेपिरहेको भारतीय टिमले पछिल्लो समय बंगलादेशसँग २-१ को पराजय तथा दक्षिण अफ्रिकाविरुद्धको घरेलु सिरिजमा पनि नराम्रो हार बेहोर्‍यो जसले गर्दा उसलाई एक दिवसीय खेलमा पुनरागमन गर्नुपर्ने चुनौती रहेको छ।

## एनओसीद्वारा शोक व्यक्त

**काठमाडौं/रास**– नेपाल ओलम्पिक कमिटी (एनओसी)ले नेपाल पाराओलम्पिक कमिटीका अध्यक्ष सुरेन्द्रबहादुर बस्नेतको निधनमा दुःख व्यक्त गरेको छ। एनओसीले बस्नेतको निधनमा गहिरो दुःख व्यक्त गर्दै शोकसन्तप्त परिवारप्रति समवेदना प्रकट गरेको छ। एनओसीले बस्नेतको निधनले फरक क्षमता (अपांगता) भएका व्यक्तिको खेलकुदमा क्षति पुर्‍याएको जनाएको छ। एनओसी अध्यक्ष जीवनराम श्रेष्ठले स्व. बस्नेतको पार्थिव शरीरमा पुष्पगुच्छा चढाई अन्तिम श्रद्धाञ्जली दिएका थिए।

बस्नेतको ७० वर्षको उमेरमा उपचारका क्रममा सोमबार निधन भएको थियो। ओम नर्सिङ अस्पतालमा बस्नेतको मिर्गौला र चिनी रोगको उपचार भइरहेको थियो। बस्नेतको सोमबारै पशुपति आर्यघाटमा अन्तिम संस्कार गरिएको छ। दोलखा मकैबारी निवासी स्व. बस्नेतका एक छोरा र एक छोरी छन्। यसैबिच नेपाल पारालिम्पिक कमिटीका कार्यवाहक अध्यक्ष केदारबाबु सिवाकोटीले बस्नेतको निधनले कमिटीलाई अपूरणीय क्षति पुर्‍याएको बताउँदै दिवंगत आत्माको चिरशान्तिको कामना गरे।

## हङकङमा नेपाललाई पाँच पदक

**काठमाडौं/रास**– हङकङमा भएको २०औं एसियन सिटिज तेक्वान्दो च्याम्पियनसिपमा नेपालले ५ पदक जितेको छ। नेपालले १ स्वर्ण र ४ कांस्य गरी ५ पदक जितेको टोली नेता नोर्बु लामाले जनाएका छन्। महिलाको ७३ केजीमुनि निशा रावलले नेपाललाई एक मात्र स्वर्ण दिलाइन्। महिलाको ६२ केजीमुनि संगीता बस्याल र ३६ केजीमुनि संगीता तिमल्सिनाले कांस्य प्राप्त गरे। त्यस्तै पुरुषको ३३ केजीमुनि पूजन खड्का तथा ६८ केजीमुनि विकेश बिडारीले कांस्य जिते। प्रतियोगिता ९ र १० जनवरीमा भएको थियो।

## माउन्ट कैलाश क्वार्टरफाइनलमा

**काठमाडौं/रास**– माउन्ट कैलाश बोर्डिङ स्कुल प्रथम साइपाल कप अन्तरविद्यालय यू-१६ छात्र सिक्स ए साइड फुटबल प्रतियोगितामा सोमबार क्वार्टरफाइनलमा प्रवेश गरेको छ।

चाबहिलको गणेशथानमा भएको खेलमा माउन्ट कैलाशले न्युटनलाई ३-० गोलले पराजित गर्‍यो।

# खेल सामग्री प्रदान

**काठमाडौं/रास**– पूर्वफुटबलर सुन्दर थापाले धादिङका विभिन्न विद्यालय र क्लबलाई सहयोग स्वरूप खेल सामग्री प्रदान गरेका छन्।



धादिङका ६ विद्यालय र एक क्लबलाई फुटबल दुई थान, भलिबल तिन थान, भलिबल नेट एक थान, चेस १२ थान तथा लुडो १२ थानका दरले खेल सामग्री प्रदान गरिएको थापाले जनाएका छन्।

थापाका अनुसार त्रिपुरा सुन्दरी उमावि, अन्नपूर्ण मावि, बालदेवी मावि, धुसेनी निमावि, भण्डली निमावि, एकता क्लब तथा जनकल्याण बोर्डिङ स्कुललाई खेल सामग्री दिइएको हो।

थापाले सम्बन्धित विद्यालय र क्लबका प्रतिनिधिलाई एक कार्यक्रमबिच सामग्री हस्तान्तरण गरे। कार्यक्रमका प्रमुख अतिथि एकल महिला समूहकी अध्यक्ष कल्पना अधिकारी थिइन्।

# विकासलाई उपाधि

**काठमाडौं/रास**– स्कुल फोरम नेपाल र स्वयम्भू बोर्डिङ स्कुलद्वारा आयोजना गरिएको दुईदिने अन्तर विद्यालय बुद्धिचाल प्रतियोगिताको प्रथम उपाधि महांकाल स्कुलका छात्र विकास बस्नेत (क्षत्री) ले हात पारेका छन्।

दोस्रो स्थानमा विन्धवासिनी माविका छात्र अनिश डंगोल र तेस्रो स्थानमा स्वयम्भू इंग्लिस बोडिङ स्कुलका छात्र मनीष गुरुङ आएका छन्। साथै, छात्रातर्फ अरुणिमा माविका अस्मिता ढुंगेल प्रथम, विन्धवासिनी माविका अनिशा डंगोल दोस्रो र विन्ध्यवासिनीकै अर्की छात्रा यमुना डंगोल तेस्रो भएकी छन्।

प्रतियोगिताको संयोजन भने काठमाडौं बुद्धिचाल संघ काठमाडौंले गरेको थियो।


Government of Nepal
Ministry of Federal Affairs and Local Development
Office of District Development Committee
District Technical Office
Project for Strengthening the National Rural Transport Program (SNRTP)
Kaski

**Invitation for Bids**

**First date of Publication : 12th January 2016 (2072/9/28)**
**Contract Identification Number: SNRTP-KAS-W-NCB-12.07-UG-070-071**
**SNRTP-KAS-W-NCB-12.08-UG-070-071**

IDA Grant Number: **H 899 NP**
IDA Credit Number: **5366 NP**

1. The Government of Nepal has applied for financing from **IDA World Bank** towards the cost of the project for **Strengthening the National Rural Transport Program (SNRTP)** and intends to apply part of the funds to cover eligible payments under the Contract SNRTP-KAS-W-NCB-12.07-UG-070-071 & SNRTP-KAS-W-NCB-12.08-UG-070-071.
2. Bidding will be conducted through National Competitive Bidding (NCB) procedures (Model Bidding Document as per Electronic Government Procurement issued by PPMO and approved by the World Bank). This is open to all bidders from Eligible Source Countries as defined in the Bidding Documents. A margin of preference **shall not** apply.
3. District Technical Office, Kaski, Project for Strengthening the National Rural Transport Program on behalf of Ministry of Federal Affairs and Local Development, Office of District Development Committee, invites sealed bids or electronic bids from eligible bidders for the Upgrading of roads, drainage, and off-road structures of **Upgrading of lamachaur-Machhapuchchhre -Karuwa Road(SNRTP-KAS-W-NCB-12.07-UG-070-71 from CH 0+000 to CH** 8+720 and **Upgrading of Satmuhane-Rupakot-Thumki Road (SNRTP-KAS-W-NCB-12.08-UG-070-71) from CH 0+000 to CH** 13+160.in the Contract Package as shown below. The construction period is 15 months:

| S. No. | Contract ID No. | Road Name | Cost of Bid Document (Non-refundable) | Bid Validity Period | Bid Security | |
|---|---|---|---|---|---|---|
| | | | | | Amount | Validity Period |
| 1 | SNRTP-KAS-W-NCB-12.07-UG-070-071 | Upgrading of lamachaur-Machhapuchchhre-Karuwa Road (SNRTP-KAS-W-NCB-12.07-UG-070-71 | NRs 5000.00 | 90 days (upto 10th may 2016) | NRs 22,00,000 | upto 9th June 2016 |
| 2 | SNRTP-KAS-W-NCB-12.08-UG-070-071 | Upgrading of Satmuhane-Rupakot-Thumki Road (SNRTP-KAS-W-NCB-12.08-UG-070-71) | NRs 6000.00 | 120 days (upto 9th June 2016) | NRs 38,50,000 | upto 9th July 2016 |

4. To qualify for award of contract, eligible Bidders must meet the following key qualifications:
**Minimum Average Annual Construction Turnover of the best three (3 )years within the last five (5) years:**

| Pck. No. | Contract ID.No. | Road Name | Amount |
|---|---|---|---|
| 1 | SNRTP-KAS-W-NCB-12.07-UG-070-71 | Upgrading of Lamachaur - Machhapuchchhre -Karuwa road | NRs. 10,01,00,000.00 |
| 2 | SNRTP-KAS-W-NCB-12.08-UG-070-71 | Upgrading of Satmuhane -Rupakot -Thumki Road | NRs. 15,81,00,000.00 |

**Minimum Work experience of similar size and nature:**

| Pck. No. | Contract ID.No. | Road Name | Size and Nature |
|---|---|---|---|
| 1 | SNRTP-KAS-W-NCB-12.07-UG-070-71 | Upgrading of Lamachaur - machhapuchchhre-Karuwa road | At least 30,000 Sqm of Otta Seal/DBST works in a single contract. |
| 2 | SNRTP-KAS-W-NCB-12.08-UG-070-71 | Upgrading of Satmuhane -Rupakot -Thumki Road | At least 41,000 Sqm of Otta Seal/DBST works in a single contract. |

5. Interested eligible bidders may obtain further information from District Technical Office, Kaski. and inspect the Bidding Documents at the address given below during office hours or may visit E-procurement section of PPMO's Web Site http://www.bolpatra.gov.np.
6. A complete set of Bidding Documents may be purchased from the District Technical office **Kaski, Pokhara** by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable cost as given in the above table till **10th February 2016 (27th magh 2072)**. If so requested, the Bidding Documents can also be sent by post/courier services upon payment of additional cost of **NRs. 500.00**. However, the Employer will not be responsible for delay or non-delivery of the documents so sent.
7 For the purpose of Bidders who choose to submit their bid electronically through E-procurement section of PPMO's Web Site http://www.bolpatra.gov.np., the Bidders may either purchase the hard copy of bidding documents or may choose to download the bidding documents, prepare their bids and submit their electronic bids as specified in the Instructions to Bidders. In case the Bidder chooses to download and submit bid electronically, the bidder shall be required to deposit the cost of bidding document (as specified in the table above) in the Employer's Rajaswa (revenue) account as specified below and scanned copy (PDF format) of the Bank deposit voucher shall also be submitted along with the electronic submission of the bid files.
**Information to deposit the cost of bidding document in bank:**
Name of the Bank: Nepal Rastra Bank, Pokhara, Kaski
Name of Office: office of District Development Committee, Kaski
Office Code no. 47
Office Account no.: 1804701-001-043-524 Rajaswa (revenue)
Cash Deposit Shirshak no. : 1804701-001-030-524
8. Pre-bid meeting shall be held at **District Technical Office, Kaski** at **11:00AM on 2nd February 2016(19th Magh 2072)**
9. Sealed or electronic bids must be submitted to the District Technical office **Kaski, Pokhara** by hand/courier or through PPMO website www.bolpatra.gov.np. on or before **12:00** on **11th Febuary 2016 (28th Magh 2072)**. Bids received after this deadline will be rejected. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **13:00** on **11th Febuary 2016 (28th Magh 2072)** at the **District Technical Office, Kaski, Pokhara.**
10. All bids shall be accompanied by a Bid Security for the amount as specified in the table above in local currency. Bidders are required to submit a separate bid security for each contract for which they submit bids. The bid security guarantee shall confirm to the standard format as specified in the bid document. The bid security guarantee issued only by the commercial bank approved by Nepal Rastra Bank shall be accepted by the employer.
11. Bidders are required to specify the total price of the Bid in the Letter of Bid or the Bid Price in the Bill of Quantities. Failure to specify the total price of the Bid in the Letter of Bid or the Bill of Quantities shall be ground for declaring the bid non responsive.
12. Bids shall be valid for the period as mentioned in the table above after the deadline for Bid submission and Bid security shall be valid up to the period as mentioned in the table above.
13. The District Technical Office Kaski reserves right to accept or reject any or all bids or annul the bidding process and reject all bids without assigning any reason, whatsoever.
14. If the last date of pre-bid meeting, purchasing and /or submission falls on a government holiday, then the same time on next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
15. Any intimidation, collusion and cartelling during bidding process shall be punishable by law.
16. The address referred above is as follows:

**Chief District Engineer**


**राजधानी न्युज पब्लिकेसन प्रालिद्वारा** प्रकाशित तथा मुद्रित, राजधानी भवन, कुपण्डोल, पो.ब.नं. २०५०३ काठमाडौं, फोन : ५५४६३००/५५४१०३०/४०, फ्याक्स : ९७७-१-५०११५९४, प्रमुख कार्यकारी अधिकृत : **आषिश शेरचन**, सम्पादक : **राजन शर्मा**